# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## भानु नगरपालिका
## तनहुँ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ४६

मितिः २०७९।३।२५

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
भानु नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ।

**कैफियत सहितको राय**

हामीले भानु नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू ४ करोड ४९ लाख १२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू. ७ लाख २६ हजार फस्र्यौट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६२ लाख ४२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६७ लाख ४२ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ४४ लाख ९० हजार र पेश्की रू.१ करोड ६७ लाख १२ हजार रहेको छ ।पालिकाको गतवर्ष २ करोड १३ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू ५ करोड ९५ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

भानु नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| २८ | ४१ | ४४९१२ | ० | २ | ७२६ | २८ | ३९ | ४४१८६ | ६२४२ | १४४९० | ६७४२ | ० | ० | २१२३३ | १६७१२ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | २००१३ | ० | १४१०४ | ५९०९ | ० | ४४१८६ | ५००९५ |

**पुनश्च:** प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया पेश भएकोमा यथाशिघ्र सम्परीक्षण गरी सोको जानकारी गराईने व्यहोरा अनुरोध छ ।

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : भानु नगरपालिका, तनहुँ , भानु नगरपालिका , तनहुँ

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | चण्डिका पौडेल | २०७८-११-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भिम प्रसाद तिवारी | २०७८-१-१ | |
| कार्यालय प्रमुख | राजेन्द्रदेव पाण्डे | २०७७-४-१ | |
| लेखा प्रमुख | नवराज लौडारी | २०७८-२-१६ | |
| लेखा प्रमुख | अनिल त्रिपाठी | २०७७-८-१६ | |
| लेखा प्रमुख | पुष्कर पौडेल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ४४,९१२,६०५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १५,०२,३०,९८४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५४,४४,८९,४४९ | चालु खर्च | ४५,५५,९३,२२३ |
| प्रदेश सरकारबाट अनुदान | १,५३,२२,२५० | पूँजीगत खर्च | १३,१३,४७,२६६ |
| राजश्व बाँडफाँट | १०,६९,८०,४२६ | वित्तीय/अन्य व्यवस्था | १७,९९,९५,४०४ |
| आन्तरिक आय | ३,००,८९,२७४ | | |
| अन्य आय | १८,६२,६२,९१६ | | |
| कुल आय | ८८,३१,४४,३१५ | कुल खर्च | ७६,६९,३५,८९३ |
| बाँकी मौज्दात | | २६,६४,३९,४०६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस भानु नगरपालीकोस्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिको उद्देश्य रहेको छ । यस नगर पालिका अन्तर्गत १३ वडा, ७० सभा सदस्य, १८४ वर्ग किलोमिटर क्षेत्रफल तथा ४५७९२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरिक्षण**<br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्तजानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण, नमुना छनौट, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण नीति मानदण्ड, मार्गदर्शन, निर्देशन र लेखापरीक्षण सीमासमेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाव्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणकोप्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्षसहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारीव्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय विवरण** | |

| प्राप्ती भुक्तानी हिसाव | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | |
| | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ७३२८५६७६८ | ७२०४९९८४९ | ७२०४९९८४९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ७२२१६३१६० | ७००३०१४३४ | ७००३०१४३४ |
| ११००० कर | १२११५३२७० | १२४८५०४८१ | १२४८५०४८१ |
| १३००० अनुदान | ५८९१४९८९० | ५६२९९६४४९ | ५६२९९६४४९ |
| संघीय सरकार | ५७१४२०८९० | ५४४४८९४४९ | ५४४४८९४४९ |
| प्रदेश सरकार | १७७२९००० | १८५०७००० | १८५०७००० |
| १४००० अन्य राजस्व | ११३६०००० | १२२१९२२० | १२२१९२२० |
| १५००० विविध प्राप्ति | ५००००० | २३५२८४ | २३५२८४ |
| ख. अन्य प्राप्ति | १०६९३६०८ | २०१९८४१५ | २०१९८४१५ |
| कोषहरु | १०६९३६०८ | १६२९३९०३ | १६२९३९०३ |
| धरौटी | ० | ३९०४५१२ | ३९०४५१२ |
| भुक्तानी (ग+घ) | ८७९१६६४९८ | ५९८८३२३१५ | ५९८८३२३१५ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ८६८४७२८९० | ५८६९४०४८९ | ५८६९४०४८९ |
| २१००० पारिश्रमिक / सुविधा | ३३३३०८८९० | ३१२४४४६९० | ३१२४४४६९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २२००० मालसामान तथा सेवाको उपयोग | १८७१४४००० | १२५४८७२०५ | १२५४८७२०५ |
| २५००० सहायता (Subsidy) | २३४०००० | १४८३२९९ | १४८३२९९ |
| २७००० सामाजिक सुरक्षा | ३२२२९००० | १४२३२६०१ | १४२३२६०१ |
| २८००० अन्य खर्च | २५००००० | १९४५४२८ | १९४५४२८ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ३१०९५१००० | १३१३४७२६६ | १३१३४७२६६ |
| घ. अन्य भूक्तानी | १०६९३६०८ | ११८९१८२६ | ११८९१८२६ |
| कोषहरु | १०६९३६०८ | ८५५५१४० | ८५५५१४० |
| धरौटी | ० | ३३५४८८२ | ३३५४८८२ |
| ङ. यो वर्षको बचत (न्युन) | -१४६३०९७३० | १२१६६७५३३.९३ | १२१६६७५३३.९३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १५०२३०९८४ | १५०२३०९८४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -१४६३०९७३० | २७१८९८५१८ | २७१८९८५१८ |
| बैंक तथा नगद बाकी | | २६६४३९४०६ | २६६४३९४०६ |

अन्तरसरकारी वित्तिय हस्तान्तरण तर्फको निकासा र खर्चको विवरण

| **आम्दानी शिर्षक** | **रकम रु** | **खर्च।निकासा** | **रकम रु** |
|---|---|---|---|
| उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | १५८५७०२ | उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय | १५८५७०२ |
| शिक्षा विकास निर्देशनालय | ५००००० | शिक्षा विकास निर्देशनालय | ५००००० |
| सामाजिक विकास मन्त्रालय | १५७१००० | सामाजिक विकास मन्त्रालय | १५७१००० |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४३००० |
| गरिवसँग विश्वेश्वर कार्यक्रम | ७२५००० | गरिवसँग विश्वेश्वर कार्यक्रम | ७२५००० |
| सामाजिक सुरक्षा तथा संरक्षण | १६८८९२९४६ | सामाजिक सुरक्षा तथा संरक्षण | १६८८९२९४६ |
| स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १११०३००० | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | १११०३००० |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १८४२२६८ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १८४२२६८ |
| जम्मा | १८६२६२९१६ | जम्मा | १८६२६२९१६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वित्तिय विवरणः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् :<br>· स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSASअनुरूप)म=ले=प=फा= नं= २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।<br>· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदनमादेहायको विवरण फरक परेकोले यसको वित्तीय प्रतिवेदनले आयव्ययको यथार्थता चित्रण गर्दैन।<br>·<br>· स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेतापनि यस वाट प्राप्त वित्तिय प्रतिवेदन (म=ले=प=फा= नं= २७२) मावैंक मौज्दात रु २६६४३९४०६।३८ देखिएको तर वास्तविक वैंक मौज्दात रु २७५३९१९५८।८८भएको भनि प्रमाणीत विवरण पेश भएकोले यसवाट प्राप्त विवरणले यथार्थ वित्तिय प्रतिवेदन दिने अवस्था छैन।<br>· आन्तरिक राजस्व तर्फ वित्तिय प्रतिवेदन बाट प्राप्त विवरणमा रु ३ करोड ३९ लाख ७७ हजार देखिएको छ। तर वास्तविक राजस्व आय ३ करोड १० लाख ७४ हजार रहेको विवरण पेश भएको छ। नगरपालिकाले लेखापरीक्षणको क्रममा तयार पारेको एकिकृत आय व्ययको विवरणले देखाएको राजस्व र वित्तय प्रतिवेदन मा रु २९ लाख ३ हजार फरक परेको देखिन्छ। कार्यालयले हिसाब मिलान गर्नको लागि मात्र नभई वास्तविक आन्तरिक आय एकिन गरी सो को यथार्थ विवरण तयार गरी पेश गर्नुपर्दछ।<br>· पालिकाको गत वर्षको वैक मौज्दात रु.155807144।०० रहेकोमा वित्तिय प्रतिवेदनमा रु१५०२३०९८४।४५ मात्र जिम्मेवारी सारेको देखिन्छ। प्रकोष व्यवस्थापन कोष, सञ्चित कोष र धरौटीको छुट्टा छुट्टै जिम्मेवारी सारेको भएता पनि सम्पुर्ण जिम्मेवारी सारेको रकम वित्तिय प्रतिवेदनमा देखिएको छैन।<br>· शर्शत अनुदान तर्फको वास्तिवक रु.३९८९७७३९०।०० खर्च भएकोमा वित्तिय प्रतिवेदनमा रु.३८९६८९४४९।०० मात्र खर्च भएको देखिन्छ। रु.९२८७९४१।०० सुत्रमा खर्च देखिएको छैन।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>· राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>· स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन।<br>· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक नगरेको,<br>· गाउँपालिका मातहतका विभिन्न शाखा तथा वडा कार्यालयहरुवाट सामाग्री खरिद गरी सो वापत विल रकम भुक्तानी गरिएकोमा उक्त शाखा तथा वडा कार्यलयमा दाखिला गरिएको जिन्सी सामाग्रीको अभिलेख कार्यालयको मूल खातामा प्रविष्टी नहुँदा लगत अद्यावधिक नभएको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।<br>· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>· स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू– जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>· संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>· पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमासो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।<br>· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | · सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>· वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।<br>· निजामती सेवा ऐन, 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>· वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १ ऐन, ५नियमावली र १८ कार्यविधि निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार स्थानीय तहले घर तथा जग्गा वहाल कर मात्र संकलन गर्नुपर्नेमा कार्यलयले गाडी भाडामा संकलन भएको भाडाकर, ढुवानीमा असुल भएको वहालकर आदिलाइ समेत आन्तरीक आम्दानीमा राखेकोमा उक्त कर संघीय सरकारको संचितकोषमा दाखिला गर्नुपर्नेमा गरेको छैन।<br>· सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगतनराखेकोकारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>· सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्थावा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७.१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थीक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३ को दफा १२.५ मा एक आर्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैंक मार्फत वितरण भएकामा लगातार एक वर्षसम्म खाता निष्क्रिय भएमा लगत कट्टा गर्ने व्यवस्था रहेकोमा कार्यालयले लगत कट्टाको विवरण नराखेको साथै बैंक बाट निष्क्रिय खाताको विवरण माग गरी लगतको अद्यावधिक नगरेको, जसवाट निष्क्रिय भएका लाभग्राहिलाई समेत भत्ता जाने जोखिम देखिएको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्थाभएकोमा उक्त समिति गठन नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,<br>· सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,<br>· आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिनर कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेको,<br>· विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,<br>· वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहलेनियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु= ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको,<br>· स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६ | | | **वैक हिसाव मिलान नगरेकोः**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण (म=ले=प=फा= नं= २७३) तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा ठुलो रकम खर्च गरेको कारण असार पछि समेत चेक साटिएको कारण असार महिनाको वैंक मौज्दात सँग फरक परेको देखिन्छ। अतः मासिक बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता अद्दावधिक गर्नुपर्दछ । | |
| ७ | | | **क्षेत्रगत वजेट र खर्चः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ७३३२८००० | ३८३४७५९७ | ५२.३ |
| २ | सामाजिक विकास | ४६०५९६००० | ३६४६०२४३७ | ७९.१६ |
| ३ | पूर्वाधार विकास | २००५२९००० | ९१२९५८०५ | ४५.५३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ८४५५००० | ४८७५५४७ | ५७.६६ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२५५६४८९० | ८७८१९१०३ | ६९.९४ |
| | जम्मा | ८६८४७२८९० | ५८६९४०४८९ | ६८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएकोः**<br>पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मुल्य सम्वन्धमा एकिन गर्न सकिएन।पालिकाले सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली(**PAMS**) पुर्ण रुपमा लागु गरी सार्वजनीक सम्पतीको अभिलेख तथा संरक्षण गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुनेचौमासिक विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। जसअनुसार पुजीगत खर्चमध्ये तेश्रो चौमासीकमा मात्र कुल खर्चको ५० प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासीक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। | |

| बजेट उपशीर्षक | कुल बजेट र खर्च | | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| भानु नगरपालिका | ३९८८३० | २००४१० | ५१२५० | २५४४४ | ३५०० | ५५२७९ | ३४४०८० | ११९६८५ |
| भानु नगरपालिका - शिक्षा | ८६२२ | ४२०८ | १२५० | ० | १०४० | १७१६ | ६३३२ | २४९६ |
| भानु नगरपालिका - स्वास्थ्य | २२६०० | ८०३७ | ० | ० | ० | ३४४० | २२६०० | ४५९७ |
| भानु नगरपालिका - कृषि | ९३०० | २५१९ | ५६०० | ० | १००० | २१५१ | २७०० | ३६७ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | ४२९१२० | ३७१७६० | २०४०० | १०२८३२ | ० | १०३६१२ | ४०८७२० | १६५३१५ |
| जम्मा | ८६८४७२ | ५८६९३४ | ७८५०० | १२८२७६ | ५५४० | १६६१९८ | ७८४४३२ | २९२४६० |
| खर्चको प्रतिशत | | १०० | | २२ | | २८ | | ५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **सेवा प्रवाहः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाँउपालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता तथा मृत्यु दर्ता १४२१वटा, नाता प्रमाणित १०९२वटा, घरवाटो शिफारिश ७१९वटा, नागरीकता शिफारिश १२९१वटा र अन्य ११०५६वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद, बसाई सराई, पञ्जीकरण दर्ता तथा सिफारिश सम्बन्धमा अभिलेख राखेको छैन । पालिकाले ऐन बमोजिम सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ । | |
| ११ | | | **न्यायिक समितीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २र यो बर्ष थप भएको ६गरी कुल ८विवाद दर्ता भएकोमा ६वटा मात्र फछ्र्यौट भई २ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **योजना छनौट तथा कार्यान्वयनः**<br>उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन। | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ८५ | ४३७५००० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | ३४६ | ६४९९५००० |
| ३ | रु ५ लाख एक देखि १० लाख सम्मका योजना | ४० | २२२४५००० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | १४ | २०७०००० |
| ५ | ५० लाख भन्दा माथिका योजनाहरु | ० | ० |
| | जम्मा | | ९३६८५००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **करार कर्मचारीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ ।कार्यालयले भुक्तानी गरेको २०७८ असार महिनाको तलव भुक्तानी विवरण अनुसार ४४ जना कर्मचारी करारमा राखी मासिक रु.१०३०५२०।०० का दरले वार्षिक रु.१२३६६२४०।०० खर्च लेखेको छ ।कार्यालयले सेवा करारमा राख्न नमिल्ने पद इन्जिनियर १ जना, कृषि अधिकृत १ जना, सवइन्जिनियर ५ जना असिष्टेन्ट सव इन्जिनियर २ जना,कार्यालय साहायक पाचौ १ जना र कार्यालय साहायक चौथो पदमा ६ जना करार नियुक्ति गरी तलव भत्ता खर्च लेखेको देखिन्छ।कार्यालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्थायी पदपुर्ती गर्ने पदमा स्थायी पदपुर्ती गर्नुपर्दछ । | |
| १४ | | | **स्वीकृत दरवन्दी वाहिर तलव भत्ता भुक्तानीः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धिआदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ। पालिकाले संघिय सरकार मातहत रहेको भानु जन्मस्थल विकास समितीमा कार्यरत ३ जना कर्मचारीको तलव भत्ता वापत भौ नं ३५६ वाट रु.८५२४१०।०० खर्च लेखेको देखिन्छ।यसरी पालिकाको स्विकृत दरवन्दी भन्दा वाहिरको कर्मचारीको तलव भत्ता भुक्तानी गरेको रकम अनियमित देखिएको रु | ८५२,४१० |
| १५ | | | **अनुगमन भत्ताः**<br>सार्वजनिक निकायले खर्च गर्दा मितव्ययी तरिकाले गर्नुपर्दछ।पालिकाले पालिकामा कार्यरत विभिन्न पदाधिकारी तथा कर्मचारीलाई भौ नं ३८५ र ४०३ वाट घाट अनुगमन तथा योजनाको अनुगमन भनी रु३३३०००।०० भुक्तानी गरेको देखिन्छ।पालिकाको योजना अनुगमन गर्न नगर उपप्रमुखको नेतृत्वमा छुट्टै अनुगमन समिती हुने र सोही समिती मार्फत अनुगमन मुल्यांकनका कार्य गर्नुपर्नेमा विभिन्न कर्मचारीलाई अनुगमन भत्ता उपलव्ध गराएको देखिन्छ। कर्मचारीलाई अनुगमन भत्ता उपलव्ध गराउने सम्वन्धमा कुनै कानुनी व्यवस्था नभएकोले यस प्रकारको खर्च अनियमित देखिएको रु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **खाना तथा विविध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्षविविध शिर्षकवाट ९४ लाख ७० हजार खाना खाजा लगायत विविध खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ तथा प्रयोजन खुल्दैन ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।कार्यालयका अनुसार विविध शिर्षकवाट अन्य कार्यक्रमहरु समेत सञ्चालन भएकोले ठुलो रकम विविध शिर्षकवाट खर्च भएको कार्यालयको भनाई रहेको छ। | |
| १७ | | | **आर्थिक साहयताः**<br>सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु.४ लाख ५८ हजार आर्थिक सहायता वितरण गरेको देखियो।आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो।पालिकाले आर्थिक सहायताएंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन।उत्पादनशिल क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौतीगर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।पालिलकाको समानिकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आ= व= मा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको आर्थिक सहायता यस प्रकार छन् | |

| गो भौ न र मिति | आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको नाम | सहायता रकम |
|---|---|---|
| १८ | महेन्द्रराज धरौली | ५०००० |
| ५९ | विभिन्न १० जनालाई आर्थिक सहायता | ५०००० |
| ८३ | विभिन्न १० जनालाई आर्थिक सहायता | ५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>११९</td><td>विभिन्न १० जनालाई आर्थिक सहायता</td><td>५००००</td></tr><tr><td>२०६</td><td>विभिन्न १० जनालाई आर्थिक सहायता</td><td>५००००</td></tr><tr><td>२४२</td><td>विभिन्न १० जनालाई आर्थिक सहायता</td><td>५००००</td></tr><tr><td>३२३</td><td>विपद् पिडितलाई साहायता</td><td>५००००</td></tr><tr><td>२८०</td><td>वडा नं १० मा विपद् पिडितलाई साहायता</td><td>१०८०००</td></tr><tr><td></td><td>जम्मा</td><td>४५८०००</td></tr></table> | |
| १८ | | | **अनुगमन तथा भ्रमण खर्चः**<br>भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु.४५ लाख ०५ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ । | |
| १९ | | | **आन्तरिक आय तर्फ देखिएको ब्यहोराहरु** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.१ | | | **राजश्व छुटः** ढुंगा, गिटी, वालुवा संकलन उत्खनन् क्रसिङ्ग र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधि २०७५ अनुसार संझौताको वखत एकमुष्ठ कवोल रकम बुझाएमा १० प्रतिशत रकम सम्म छुट दिन सक्ने ब्यवस्था छ । विभिन्न ब्यवसायीहरुले ८ घाटबाट ढुंगा, गिटी बालुवा उत्खनन् र संकलन कार्यको ठेक्का बन्दोवस्त वापत रु. ६३१९१०३। कवोल गरेको देखिन्छ । स्वीकृत ठेक्का कवोल अंक रु. ६३१९१०३। पुरै रकम सम्झौताको बखत एकमुष्ट वुझाउदा सोको १० प्रतिशतले हुन आउने रु. ६३१९१० कर छुट दिइ राजश्व आम्दानी कम भएको अवस्था छ । औचित्यलाई मध्यनजर गरी छुट कम दिई आन्तरिक आम्दानी वृद्धि तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.२ | | | **प्राकृतिक श्रोतको परिचालनः** ढुंगा गिटी बालुवा उत्खनन् र संकलन कार्यको प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवेदन अनुसार निम्न नदी घाटबाट निम्न परिमाणमा उत्खनन् एवं संकलन गर्ने उल्लेख छ । | |

| उत्खनन एवं संकलन गर्ने स्थान | उत्खनन गर्न मिल्ने घनमिटर | प्रदेश दर प्रति घनमिटर | राजश्व रु |
|---|---|---|---|
| बेनीघाट | २४२६ | २४७ | ५९९२२२ |
| चुदी मर्स्याङ्गदी | ६१०२ | २४७ | १५०७१९४ |
| कुड्वा घाट | ४५०६ | २४७ | १११२९८२ |
| चाम्वासघाट | २९०५ | २४७ | ७१७५३५ |
| कुर्कुनाघाट | १२५५ | २४७ | ३०९९८५ |
| ढुकुर्दीघाट | १२६५ | २४७ | ३१२४५५ |
| जम्मा | १८४५९ | १४८२ | ४५५९३७३ |

माथी उल्लिखित घाटको ठेक्का नलागेको देखिन्छ । साथै कार्यालयले आफ्नै जनशक्ति मार्फत सकलन गर्ने प्रयत्न गरेको देखिदैन । यस सम्बन्धमा पालिका राजश्व परामर्श समितिको पनि भुमिका रहेको देखिदैन । स्थानीय राजश्व परामर्श समितिको राय सुझावको आधारमा ठेक्का सुचना अंकमा परिमार्जन तथा संसोधन गरी ठेक्का लगाउने वातावरण निर्माण गरी रु ४५५९३७३। पालिकामा आय प्राप्त हुने वातवरण निर्माण गरिनुपर्दछ । कार्यलयको भनाई अनुसार पटक पटक ठेक्का सुचना निकाल्दा पनि ठेक्का नलागेको साथै कार्यालयमा जनशक्तिको पनि कमि रहेकेले गर्दा राजश्व संकलन नभएको भनाई रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९.३ | | | **प्रारम्भिक वातवरणिय परिक्षण प्रतिवेदन ( IEE) भन्दा वढी परिमाणको ठेक्का**<br><br>प्रारम्भिक वातवरणिय परीक्षण प्रतिवदेनमा उल्लेखित परिमाण भन्दा बढी उत्खनन् तथा संकलन एवं बिक्रि वितरण गर्न नपाउने ब्यवस्था संझौतामा उल्लेखित छ । यस पालिकाको बालिफाँट घाट वडा नं ८ बाट १५०० घनमिटर मात्र उत्खनन् एवं विक्रि वितरण गर्न सक्नेमा ३३०१ घनमिटर संकलन गर्न सक्ने गरी रु.८०५०००। संझौता गरेको देखिन्छ । यसरी १८०१ घनमिटर **IEE** भन्दा बढी परिमाणको ठेक्का संझौता गरेकोले संझौताको समानुपातिक अंशले हुन आउने रु.४३९२०२। नियम सम्मत् देखिएन । **त्यसै गरी** सुढेवगर घाट दाँया किनार विन्दीघाटको प्रारम्भिक वातवरणिय परीक्षाण प्रतिवेदनामा वेनीघाट वडा नं ८ ढुंगा गिटी बालुवा उत्खनन गर्न मिल्ने २४२६ घनमिटर भएपनि ठेक्का सुचना प्रकाशन गर्दा ५३०७ घनमिटरको निकालीएकोले **IEE** भन्दा २८८१ घनमिटर बढी परिमाणको प्रति घनमिटर रु २४७। का दरले हुन आउने रु ४५९१४५। ठेक्का सुचना प्रकाशन गरेको नियम सम्मत देखिएन । **IEE** को पूर्ण पालना गरी पर्यावरणिय विषयमा ध्यान दिई दिगोपनको सुनिश्चितता गर्नुपर्दछ । | ८९८,३४७ |
| १९.४ | | | **अनुगमन मुल्यांकनः** प्रारम्भिक वातावरण परिक्षण प्रतिवेदन २०७७ अनुसार प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख राख्नु पर्ने, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको नगरअनुगमन समितिद्धारा नियमित अनुगमन गर्नुपर्ने उल्लेख छ। नदिजन्य पदार्थको विक्रिको लागि वातावरणीय प्रभाव मुल्यांकन गरी निश्चित परिमाण तोकि उत्खनन्को स्वीकृती दिई ठेक्का लगाएको भएतापनि प्रत्येक बर्ष बर्षायाम सकिएपछि थुपारिएको ढुङ्गा गिट्टी बालुवाको परिमाण, नापजाँच अभिलेख नराखेको, ठेक्का सम्झौता उल्लेख भएको परिमाण, स्थान आदिको नगरअनुगमन समितिद्धारा नियमित अनुगमन नगरेको पाइयो। आगमी दिनमा यस सम्बन्धि नीति बनाउन सहज हुने गरी उत्खनन भएको परिमाणको एकिन गर्ने तथा अनुगमन मुल्यांकनलाई प्रभावकारी वनाउनुपर्दछ। | |

| उत्खनन् स्थान | जम्मा परिमाण घनमिटर | वार्षिक उत्खनन् गर्न मिल्ने परिमाण | सुचना/संझौता परिमाण | संझौता रकम | आईइइ भन्दा वढी परिमाण | रकम |
|---|---|---|---|---|---|---|
| बालिफाँट घाट वडा नं ८ | २०८९ | १५०० | ३३०१ | ८०५००० | १८०१ | ४३९२०२ |
| वेनीघाट वडा नं ८ | २६९५ | २४२६ | ५३०७ | ० | २८८१ | ७११६४४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>

**सामुदायिक वनबाट रकम प्राप्त नगरेको**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ । जिल्ला वन कार्यालयवाट प्राप्त विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन । उक्त रकम असुल गर्नुपर्ने रु ..

<table>
<tr><th>समुहको नाम</th><th>ठेगाना</th><th>मु अ कर रकम</th><th>जम्मा विक्री</th><th>१० प्रतिशत रकम</th></tr>
<tr><td>मान्द्रेकालिका</td><td>भानु ६</td><td>१०४७९०</td><td>८०६०७७</td><td>८०६०८</td></tr>
<tr><td>कालिका</td><td>भानु ३</td><td>९५४३०</td><td>७३४०७७</td><td>७३४०८</td></tr>
<tr><td>सम्जुरछाप</td><td>भानु १३</td><td>१८०५६०</td><td>१३८८९२३</td><td>१३८८९२</td></tr>
<tr><td>फलाउने</td><td>भानु १३</td><td>६६३७५</td><td>५१०५७७</td><td>५१०५८</td></tr>
<tr><td>झाक्रिथुम्का</td><td>भानु ६</td><td>२६७४१०</td><td>२०५७०००</td><td>२०५७००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७१४५६५</td><td>५४९६६५४</td><td>५४९६६५</td></tr>
</table>

</td><td>५४९,६६५</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**कृषि अनुदानः**

सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । कार्यालयले कृषि अनुदान कार्यक्रम वितरण कार्यविधि, २०७६ तयार गरी यसैका आधारमा अनुदानका कार्यक्रम सन्चालन गरेको छ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन् :

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |

| भौ नं | विवरण | अनुदान रकम |
| --- | --- | --- |
| १२७ | आलुको विउ खरिद तथा वितरण ५० प्रतिशत अनुदान | ३३०००० |
| १८५ | आलुको विउ खरिद तथा वितरण ५० प्रतिशत अनुदान | २९४६२० |
| २१६ | ओखरको विरुवा वितरण | ५०००० |
| २६२ | आलुको विउ खरिद तथा वितरण ५० प्रतिशत अनुदान | ८५२३५ |
| २८७ | धानको विउ खरिद तथा वितरण ५० प्रतिशत अनुदान | १८३२५५ |
| ३३० | वडा नं ६ मा वंगुर पाठापाठी वितरण | १७५००० |
| ४०८ | वडा नं १२ वाख्रा खोर सुधार कार्यक्रम | १७२१२५ |
| ८३ | चेपाङ्ग समुदायलाई बाख्राका पाठी वितरण १०० प्रतिशत अनुदान | १४९२२० |
| १४७ | कृषि यान्त्रीकरण ५० प्रतिशत अनुदान | ८६६५०० |
| १८३ | भौसी सुत्केरी भत्ता | ५००००० |
| | जम्मा | २८०५९५५ |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

**(क)**अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>(ख)कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि वीमा तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन ।<br>(ग)कार्यालयले कृषि अनुदान कार्यक्रम वितरण कार्यविधि, २०७६ तयार गरी यसैका आधारमा अनुदानका कार्यक्रम सन्चालन गरेको छ तर कुनै पनि ऐन कानुन नटेकी कार्यविधि वनाएकोले कुनै ऐनले उक्त कार्यविधि वनाउन दिएको हो नखुलाएकोले उक्त कार्यविधिको कानुनी आधार छैन । कानूनी आधार वेगर अनुदान दिने कार्यलाइ नियमित मान्न सकिएन । साथै एउटै कार्यविधीअनुसार अनुदान वितरण भएकोमा केहिमा लागत सहभागिता रहेको तथा केहिमा नरहेको देखिएकोले एकरुपता कायम हुने गरी कार्यविधी वनाउनुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>कोभिड १९ तर्फः<br>आ व २०६७।७८ को अषाढ मसान्त सम्मको आम्दानी तथा खर्चको विवरण निम्न अनुसार रहेको भनि पेश गरेको छः<br><table>
<tr><th>आम्दानीको स्रोत</th><th>२०७८ असार मसान्त सम्म प्राप्त रकम</th><th>खर्च शिर्षक</th><th>२०७८ असार मसान्त सम्मको खर्च</th></tr>
<tr><td>संघीय सञ्चित कोषबाट</td><td></td><td>राहात वितरण</td><td>२४०९१०</td></tr>
<tr><td>प्रदेश सञ्चित कोषबाट</td><td></td><td>क्वारेन्टिन होल्डिङ्ग सेन्टरनिर्माण व्यवस्थापन</td><td>९०१६०२</td></tr>
<tr><td>स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको</td><td>५५७६१६०</td><td>आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन</td><td>४५००००</td></tr>
<tr><td>संघीय कोभिड कोषबाट</td><td></td><td>जनशक्ति परिचालन (तलव)</td><td>३५५८१</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (see inner table and text below) | |

| | | | |
|---|---|---|---|
| प्रदेश कोभिड कोषबाट | | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | २०९४७३५ |
| अन्य स्रोतबाट प्राप्त | ७००००० | स्वास्थ्य पूर्वाधार निर्माण | १३५८५० |
| | | अन्य शीर्षकमा भएको खर्च | ११२१७५९ |
| | | बाँकी | १२९५७२३ |
| जम्मा | ६२७६१६० | जम्मा | ६२७६१६० |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

· पालिकाले पेश गरेको विवरणअनुसार कोभिड १९ को समयमा फरक फरक सप्लार्यससंग रु२०९४७३५।०० को औषधी सोझै खरिद गरेको देखिन्छ।

· भौ नं १ वाट दमौली अस्पताल लाई आइसोलेशन निर्माण गर्न रु.४५००००।०० सोधभर्ना हुने गरी पेश्की उपलव्ध गराएकोमा सोधभर्ना नदेखिएकोले सोधभर्ना लिनुपर्ने देखिन्छ।

· पालिकामा पि सि आर परिक्षणको स्वाव संकलन गर्न अन्य संघ सस्थावाट जनशक्ति व्यवस्था गरी दैनिक भ्रमण भत्तावापत भौ नं १३, ३१ र ४१ वाट रु. ३२६२५०।०० उपलव्ध गराएको देखिन्छ।पालिकामा आवश्यक जनशक्ति तयार गरी अन्य संघ सस्थामा निर्भर हुनु नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

· कोभिड १९ को समयमा खरिद गरिएका विभिन्न सामाग्री निर्मलिकरण पश्चात पुन प्रयोग गर्न मिल्ने भएता पनि केहि सामाग्री आइसोलेसन केन्द्रमा नै नष्ट गरिएको र भौ नं २१वाट खरिद गरिएको रु.५४९४६०।०० को सामग्री पुरण्डी नगर अस्पतालमा हस्तान्तरण गरिएको कार्यालयको भनाई रहेको छ।

· क्वारेन्टाइनमा प्रयोग गर्नको लागी लक्ष्मी अस्पतालवाट म्याट्रेस लिइएकोमा भिजेर काम नलाग्ने भएको भनी १५ वाट म्याट्रेस खरिद गरी रु.९००००।०० भुक्तानी गरी लक्ष्मी अस्पतालमा म्याट्रेसको सोधभर्ना गरिएको देखिन्छ।पालिकामा लक्ष्मी अस्पतालवाट ल्याइएका म्याट्रेसको विवरण उपलव्ध नभएकोले १५ वटाकै भुक्तानी गर्नुपर्ने हो होइन भनी एकिन गर्न सकिएन।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **परामर्श सेवा खरिदमा देखिएका व्यहोराहरुः** | |
| २३.१ | | | पालिकाको कार्यालयले यस बर्ष तपिसलका कार्यका लागि विभिन्न परामर्श दातासँग सम्झौता गरी देहायअनुसार परामर्श खर्च लेखेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|

| भौ नं | विवरण | भुक्तानी रकम |
|---|---|---|
| ९५ | विभिन्न घाटहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन | ९५२५९० |
| | | |
| ११७ | नगर अस्पतालको माटो परीक्षण | १२१९२७० |
| १७८ | पर्यटन पर्वद्धन हवाई तस्विर संकलन संकलन | २२६००० |
| | जम्मा | २३९७८६० |

यस सम्वन्धमा निम्नानुसार देखिएको छ।

**क) परामर्शसेवाकोलागतअनुमानः**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानि लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरको कारण लागत अनुमान यथार्थ परक छैन।

**(ख) सोझैखरिदकार्यः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र वीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। कार्यालयले पालिका भित्रका विभिन्न योजनाको डि.पि.आर तथा अध्ययन कार्यको लागि ५ लाख भन्दा कमको ३ प्रति कोटेशन लिई परामर्शदातकै दरमा भुक्तानी दिएको छ। पालिका भित्रका योजनाको डि.पि.आर तथा अध्ययन कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि पटक पटक सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नै परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको देखिन्छ।यसमा सुधार गर्नुपर्दछ।

**(ग) वीमाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्श दाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

**(घ) वाह्यपरामर्शदातावाटकामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा कार्यालयका जनशक्तिले गर्न नसक्ने कार्य भएमा मात्र परामर्शदातावाट काम गराउन सकिने उल्लेख छ। पालिकाको कार्यालयमा प्राविधिक कार्यमा संलग्न थुप्रै जनशक्ति मौजुदा रहेकोमा सो जनशक्तिको उपयोग नगरी बाह्य परामर्शदाताबाट खरिद सम्झौता गरी खर्च गरेको कारण सेवा खरिद कार्यमा पालिका लाई रु २३९७८६०। थप व्ययभार परेको छ। आफनो जनशक्तिबाट हुन सक्ने कार्यमा बाहय जनशक्ति प्रयोग गरिनु हुदैन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.२ | १ | २०७७-११-२४ | **परामर्श सेवामा वढी भुक्तानीः १।०७७।११।२४** सार्वजनिक खरिद नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान सम्वन्धमा व्यवस्था गरिएको छ।यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्वन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स वमोजिम र मुख्य जनशक्तिको र अन्य जनशक्तिको पारिश्रमिक लगायतका कुराहरु खुलाई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले लागत अनुमान तयार गरी प्राविधिक र आर्थिक प्रस्ताव माग गरी नगरस्तरिय अस्पतालको डि पि आर गरेकोमा कार्यालयले सोको लागत अनुमान तयार नगरी सोझै प्रावधिक र आर्थिक प्रस्ताव माग गरी भुक्तानी दिएको देखिन्छ।प्राविधिक र आर्थिक प्रस्ताव मुल्यांकन गरी हेड लाईट प्रा लि संग सम्झौता गरी परामर्श सेवा खरिद गरेकोमा परामर्शदाताले पेश गरेको प्राविधिक प्रस्तावको मुख्य जनशक्तिमा स्ट्रक्चरल इन्जिनियर राखेको पाइएन। यसरी परामर्शदाताले पेश गरेको प्राविधक प्रस्तावमा मुख्य जनशक्ती नहुँदा पनि प्राविधिक रुपमा छनौट गरेकोले उक्त मुल्यांकन प्रक्रिया नै त्रुटिपुर्ण देखिन्छ।साथै आर्थिक प्रस्तावमा स्ट्रक्चरल इन्जिनियरको पारिश्रमिक रु १०२५००।०० मा मु अ कर समेत थप गरी भुक्तानी गरेको देखिन्छ।स्विकृत नर्म्स वमोजिम जनशक्ति नभएको प्राविधिक प्रस्तावको मुल्यांकनवाट छनौट गरी भुक्तानी गर्ने कार्य त्रुटिपुर्ण देखिन्छ।साथै प्राविधिक प्रस्तावमा उल्लेख नभएको जनशक्तिको आर्थिक प्रस्तावमा समावेश गरी भुक्तानी गरिएको सिभिल इन्जिनियरको पारिश्रमिक वापतको रकम मु अ कर सहित असूल गर्नुपर्ने रु. | ११५,८२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **सोझै खरिदः**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने र एक सप्लायर्सवाट एकभन्दा वढी पटक सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यो वर्ष देहायवमोजिम एकै फर्मवाट एकै प्रकृतीको सामानहरु खरिद गरेको देखिन्छ।यसरी कानुनको व्यवस्था विपरित खरिद गरी भुक्तानी गरिएको रकम अनियमित देखिएको रु... | १,१०७,८६६ |

| भौ नं | विवरण | सप्लायर्सको नाम | रकम |
|---|---|---|---|
| १३० | डेक्सटप प्रिन्टर किर्वाड माउस खरिद | नासा कम्प्युटर सप्लार्यस | १२०१०० |
| १३५ | विभिन्न इलोक्ट्रोनिक सामाग्री खरिद | शिक्षा टेड्र्स सान टेड्र्स | ३७१२८३ |
| २१२ | विभन्न कम्प्युटरजन्य सामाग्री | सान ट्रेडर्स | ९१०३२ |
| २९३ | विभिन्न इलोक्ट्रोनिक सामाग्री खरिद | सान ट्रेडर्स | ९९६९९ |
| २९४ | ल्यापटप खरिद | सान ट्रेडर्स | २६९३९२ |
| ३२२ | डेक्सटप खरिद | नासा कम्प्युटर सप्लार्यस | ७५००० |
| ३८० | ल्यापटप खरिद वडा कार्यालयको | सान ट्रेडर्स | ८१३६० |
| | जम्मा | | ११०७८६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **खर्चको विल भरपाई नभएकोः**<br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ५७(१) मा सरकारी कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नु पर्ने व्यवस्था भएकोमा कार्यालयले भौ नं १९०।२०७७।११।२९ वाट कार्की एण्ड सन्स सप्लार्यसलाई १० वण्डल जस्तापाखा खरिद गरी भुक्तानी गरेकोमा वितरणको भरपाई पेश गर्नुपर्ने रु | १०५,०१० |
| २६ | | | **शिक्षा विकास निर्देशनालयः**<br>१।२०७८।०३।२४ सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशद्धारा जारी भएको आर्दश विद्यालय विकास सहजिकरण पुस्तिका २०७७ को दफा १२ मा विद्यालयले सञ्चालन गर्न सक्ने मुख्य क्रियाकलापहरु तथा दफा १३ मा वजेट खर्च गर्न सक्ने क्षेत्रहरुको व्यवस्था गरेको छ।जसअनुसार विद्यालयले वजेट खर्च गर्दा विद्यालयको भौतिक पुर्वाधार सामाजिक परीक्षण विद्यार्थी छात्रवृती जस्ता क्रियाकलापमा खर्च गर्नुपर्नेमा पालिकालाई यस वर्ष विनियोजन भई त्रिभुवन माध्यामिक विद्यालयलाई रु ५ लाख निकासा भएकोमा विद्यालयले पेश गरेको विल भरपाईमा अभिभावक सम्मान गरी रु,८५०००।०० नगद वितरण गरेको देखिन्छ।विद्यालयले विद्यार्थी तथा विद्यालय तथा सिकाईसंग सम्वन्धित क्षेत्रमा खर्च नगरी अभिभावक सम्मानमा नगद वितरण गर्नु उचित देखिदैन। यसमा सुधार गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४ मा विनियोजित वजेट सम्वन्धित खर्च शिर्षकमा गर्नुपर्ने उल्लेख छ। पालिकाले तपसिल वमोजिमको रु २०७१२८७\|०० रकम शिर्षक फरक पारि खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शिर्षक फरक परेको अनियमित देखिएको रु.... | २,०७१,२८७ |

| भौ नं | कायम खर्च शिर्षक | खर्च गरेको शिर्षकको।कार्यक्रमको नाम | खर्च रकम |
|---|---|---|---|
| ५४ | कृषि तथा पशु कार्यक्रम | विपद् व्यवस्थापन वाटो सरसफाई | ४९९००० |
| ८५ | कृषि तथा पशु कार्यक्रम | विपद् व्यवस्थापन वाटो सरसफाई | ३००००० |
| २५२ | कृषि तथा पशु कार्यक्रम | विपद् व्यवस्थापन वाटो सरसफाई | ४९३९८९ |
| ४११ | सुचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | पत्रपत्रिका छपाई | ७७८२९८ |
| | जम्मा | | २०७१२८७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२८</td><td></td><td></td><td>

**पारिश्रमिक करः**

आयकर ऐन, २०५८ को दफा २२(२) मा प्राकृतिक व्यक्तिले रोजगारीबाटप्राप्त हूने आयको गणना गर्दा कर प्रयोजनको लागि नगद आधारमा लेखाङ्कन गर्नूपर्ने र दफा २३ मा कूनै व्यक्तिले कर प्रयोजनको लागि यस ऐनको अधिनमा रही रोजगारी वा लगानीबाट भएको आयको गणनाको लेखाङ्कन नगद आधारमा गर्दा निजले भूक्तानी प्राप्त गर्दा वा निजलाई सो भूक्तानी उपलब्ध हूंदाको अवस्थामा मात्र निजको आय गणनामा रकम प्राप्त गरेको मानी समावेश गर्नूपर्ने व्यवस्था रहेको छ ।पालिकाले देहायवमोजिम पदाधिकारी तथा कर्मचारीलाई तलव भत्ता भुक्तानी गर्दा पारिश्रमिक करकट्टा गरेको छैन। अतः उक्त कर असुल गर्नुपर्ने रु

<table>
<tr><td>नाम</td><td>बार्षिक आय</td><td>करयोग्य आय</td><td>तिर्नु पर्ने कुल कर</td><td>तिरेको कर</td><td>तिर्नुपर्ने बाकी कर</td></tr>
<tr><td>उदयराज गौली</td><td>५१६०००</td><td>५१६०००</td><td>११९००</td><td>५९६०</td><td>५९४०</td></tr>
<tr><td>ध्रुवराज पौडेल</td><td>८४६७०४</td><td>५६४४०७</td><td>१७३९४</td><td>४९५६</td><td>१२४२८</td></tr>
<tr><td>हरिराज खनाल</td><td>७१८०१८</td><td>६१०५२२</td><td>२६६०४</td><td>९१४४</td><td>१७४६०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>३५८२८</td></tr>
</table>

</td><td>३५,८२८</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**छात्रवृति बढी निकासाः**

आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नु पर्ने उल्लेख छ।यस कार्यालयले निम्न विद्यालयलाई भौ नं ४१।२०७७।११।०८ वाट आ.व ०७७।७८ को भुक्तानी दिएकोमा देहायको विद्यालयलाई बढी छात्रवृति निकासा दिएको देखियो । तसर्थ बढी निकासा दिएको रकम असुल गरि सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रु

<table>
<tr><td>विद्यालयको नाम</td><td>निकासा</td><td>वितरण</td><td>बढी</td></tr>
<tr><td>मर्स्याङ्गदि आ वि</td><td>३४०००</td><td>३२०००</td><td>२०००</td></tr>
<tr><td>नारायणी आ वि</td><td>२३६००</td><td>२००००</td><td>३६००</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table>

</td><td>७५,२००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | राष्ट्रय जलदेवि आ वि | १३२०० | ८८०० | ४४०० | | |
| | | | | कर्मदा मा वि | ६१२०० | ५८८०० | २४०० | | |
| | | | | मनोहर मा वि | ५६६०० | ४४००० | १२६०० | | |
| | | | | चन्द्रावति मा वि | ५८४०० | ५३२०० | ५२०० | | |
| | | | | जनजागृति मा वि | २७२०० | २०००० | ७२०० | | |
| | | | | चोक मा वि | ६०८०० | ५६००० | ४८०० | | |
| | | | | सरस्वति मन्दिर मा वि | २५६०० | १७२०० | ८४०० | | |
| | | | | जनजागृति मा वि १० | ४४००० | २८८०० | १५२०० | | |
| | | | | सरस्वति आ वि | २४००० | १४६०० | ९४०० | | |
| | | | | | | | ७५२०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **शिर्षक फरक पारी खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९(२) मा विनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायि अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुनेछ।तथाएकिकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ पालिकाले संघिय ससर्त अन्तर्गत पाठ्यपुस्तक अनुदान कार्यक्रम बाट खर्च गर्नुपर्नेमा अन्य कार्यक्रम बाट खर्च गरेकोले पालिकाले स्विकृत बजेट तथा कार्यक्रम अनुसार खर्च गर्नुपर्दछ। रु | २,४९९,८२० |

| भौ नं | खर्चको व्यहोरा | खर्च गर्नुपर्ने शिर्षकको नाम | खर्च गरेको शिर्षकको नाम | खर्च रकम |
|---|---|---|---|---|
| १३९ | सामुदायकि विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान | सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | १२१४००० |
| ४१ | दिवा खाजा कार्यक्रम अनुदान | तोकिएको विद्यार्थिको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान | १२८५८२० |
| जम्मा | | | | २४९९८२० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **पाठ्यपुस्तक अनुदानः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.४.६.१ मा सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान उपलव्ध गराउदा विद्यार्थी संख्या र पाठ्यपुस्तकको दरको आधारमा सुरुवातमा ७५ प्रतिशत तथा भर्ना पश्चात विद्यार्थी संख्या एकिन गरी नपुग २५ प्रतिशत पाठ्यपुस्तक अनुदान उपलव्ध गराउने व्यवस्था भएकोमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं ३९५ मिति २०७८।०२।२५ को पत्रानुसार आ व २०७७।७८ को शैक्षिक सत्र २०७८ अषाढ १ गते देखि मात्र प्रारम्भ हुने र त्यसपछी भर्ना भएका विद्यार्थीको विवरण पाठ्यपुस्तक खरिद र वितरणको अवस्था यकिन गरी नपुग हुने अनुदान रकम निकासाको पक्रिया अगाडी वढाँउदा चालु आ.व समाप्त हुने भएकोले विद्यालयमा विद्यार्थी भर्ना भई संख्या एकिन हुन नसकेमा शैक्षिक सत्र २०७७ को भर्ना संख्यालाई आधार मानि निशुल्क पाठ्यपुस्तक वापतको सत प्रतिशत अनुदान विद्यालयमा निकसा दिने परिपत्र भएकोमा पालिकाले भौ नं १३९।२०७८।०३।२३ बाट ५७ विद्यालयलाई विद्यार्थि संख्याको ७५ प्रतिशतले रु ३५४७९९१। रकम अनुदान दिएको छ। थप अनुदान दिदा पालिकाले देहायको विद्यालयलाई पाठ्यपुस्तक खरिदको विल पेश गरेको भन्दा बढी भुक्तानी दिएकोले बढी निकासा भएकोले असुल हुनुपर्ने रु | १२२,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सि नं | विद्यालयको नाम | निकासा रकम | वितरण | बढी भुक्तानी | | |
| | | | | ३ | कर्मदा मावि भानु | 206280 | 201484 | 4796 | | |
| | | | | ४ | कालिका मावि | 253176 | 247029 | 6147 | | |
| | | | | ५ | चन्द्रबती मावि | 253007 | 248071 | 4936 | | |
| | | | | ६ | चोक मावि | 213389 | 190886 | 22503 | | |
| | | | | ८ | जनजागृती मावि | 187638 | 158239 | 29399 | | |
| | | | | ९ | जनजागृति मावि भानु १० | 116571 | 90799 | 25772 | | |
| | | | | १८ | हिमालय मावि | 197811 | 185755 | 12056 | | |
| | | | | १९ | होमराज लोहनी शा शि स | 389059 | 380247 | 8812 | | |
| | | | | २१ | नारायणी आवि | 68962 | 63511 | 5451 | | |
| | | | | २९ | कालिका प्रावि | 16787 | 14159 | 2628 | | |
| | | | | | | | | 122500 | | |
| ३२ | | | **दिवा खाजा कार्यक्रमः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत वालवालिकाहरुका लागि प्रतिविद्यार्थी १५ का दरले विद्यालय सञ्चालन हुने दिनलाई आधार मानी विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यायल व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी हाजिरि संख्या एकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। पालिकाले भौ नं ४१।२०७७।११।०६ बाट ५७ विद्यालयलाई | | | | | | | १,७३४,२४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | विद्यार्थि संख्याको ( जम्मा विद्यार्थि ३६६२) आधारमा माघ देखि बैशाख सम्मको लागि ९९ दिनको रु १५ को दरले विद्यालय सञ्चालन हुने अनुमानित दिनको हिसाबले ५४३८०७०।अनुदान निकासा दिएको छ। विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित हाजिरि प्रतिलिपि रुजु गर्दा देहायको विद्यायलमा विद्यार्थिको हाजिरि भन्दा बढी भुक्तानी भएको देखिएको छ। यस सम्बन्धमा छलफल गर्दा बैशाख १० पछि लकडाउनका कारण विद्यायल सञ्चालन नभएकोले खर्च नभएको रकम विद्यालयको खातामा रहेको भन्ने कार्यालयलको भनाई रहेकोले देहायको विद्यालयबाट असुल गरि संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु | |

| विद्यायलयको नाम | जम्मा हाजिरि | खर्च (हाजिरि*१५) | निकासा | बढि निकासा |
|---|---|---|---|---|
| चोक मा वि | १०१६५ | १५२४७५ | २६५८१५ | ११३३४० |
| होमराज लोहोनि | ८६६५ | १२९९७५ | २२१२६५ | ९१२९० |
| चन्दावति मा वि | ८१४९ | १२२२३५ | २०१९६० | ७९७२५ |
| कर्मदा मा वि | ११५३१ | १७२९६५ | २५५४२० | ८२४५५ |
| सत्यवति देवि आ वि | ६२०५ | ९३०७५ | १२९१९५ | ३६१२० |
| हिमालय मा वि | ५८१७ | ८७२५५ | १६९२९० | ८२०३५ |
| जनजागृति मा वि ३ | ३३७७ | ५०६५५ | ८४६४५ | ३३९९० |
| भानु संस्कृत मा वि | ७६८७ | ११५३०५ | १८११७० | ६५८६५ |
| सरस्वति सदन मा वि | ६८५४ | १०२८१० | १४८५०० | ४५६९० |
| कालिका मा वि | ५४५१ | ८१७६५ | १३५१३५ | ५३३७० |
| पुर्कोट मा वि | ७२९२ | १०९३८० | ११८८०० | ९४२० |

 https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | मनोहर मा वि | ६२७५ | ९४१२५ | १४८५०० | ५४३७५ | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आदर्श सरस्वति मा वि | २९२९ | ४३९३५ | ५७९१५ | १३९८० | | |
| | | | | प्रभात मा वि | ४४५६ | ६६८४० | ९०५८५ | २३७४५ | | |
| | | | | विद्या निकुञ्ज मा वि | २३१५ | ३४७२५ | ८१६७५ | ४६९५० | | |
| | | | | जनसहयोगि मा वि | ४०१७ | ६०२५५ | ८६१३० | २५८७५ | | |
| | | | | जनजागृति मा वि १० | ५६३१ | ८४४६५ | १६१८६५ | ७७४०० | | |
| | | | | सरस्वतति मन्दिर मा वि | २०७२ | ३१०८० | ११२८६० | ८१७८० | | |
| | | | | सरस्वति आ वि | २९४८ | ४४२२० | ८६१३० | ४१९१० | | |
| | | | | निर्जला आ वि | ८८२४ | १३२३६० | १९८९९० | ६६६३० | | |
| | | | | मर्याङ्गदि आ वि | ५७६६ | ८६४९० | १५७४१० | ७०९२० | | |
| | | | | राष्ट्रिय जलदेवी आवि | २१४१ | ३२११५ | ५६४३० | २४३१५ | | |
| | | | | राष्ट्रिय आवि | ३३७७ | ५०६५५ | ८४६४५ | ३३९९० | | |
| | | | | शान्ति आ.वि | २४८३ | ३७२४५ | ५९४०० | २२१५५ | | |
| | | | | सरस्वती आ.वि | २९४८ | ४४२२० | ८६१३० | ४१९१० | | |
| | | | | राष्ट्रिय प्रा वि आहाले | १८७९ | २८१८५ | ३७१२५ | ८९४० | | |
| | | | | सत्यवती प्रा वि | १४०४ | २१०६० | ४६०३५ | २४९७५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | नारायण प्रा.वि | ११८० | १७७०० | २५२४५ | ७५४५ | | |
| | | | | कालिका प्रा वि भान १० | १९४२ | २९१३० | ३५६४० | ६५१० | | |
| | | | | बुद्धजयन्ती प्रा वि | १८०० | २७००० | २९७०० | २७०० | | |
| | | | | पर्णिमा प्रा वि | १७३७ | २६०५५ | ३८६१० | १२५५५ | | |
| | | | | मर्याङ्गदि प्रा वि | २८७७ | ४३१५५ | ५३४६० | १०३०५ | | |
| | | | | चितिखोला प्रा वि | ३९०० | ५८५०० | ७७२२० | १८७२० | | |
| | | | | कुमारी प्रा वि | ६२७ | ९४०५ | ३११८५ | २१७८० | | |
| | | | | चण्डिकालाल अमर प्रा वि | ३०३३ | ४५४९५ | ६६८२५ | २१३३० | | |
| | | | | जयमगल प्रा वि | १४७० | २२०५० | २९७०० | ७६५० | | |
| | | | | बुद्ध प्रा वि | २९९९ | ४४९८५ | ६६८२५ | २१८४० | | |
| | | | | कालिका प्रा वि | २७१९ | ४०७८५ | ५९४०० | १८६१५ | | |
| | | | | नागनागिनी प्रा वि | ८४८ | १२७२० | १९३०५ | ६५८५ | | |
| | | | | सम्झना प्रा वि | १५७८ | २३६७० | २९७०० | ६०३० | | |
| | | | | मैवल प्रा वि | ९०३ | १३५४५ | २२२७५ | ८७३० | | |
| | | | | चन्द्रोदय प्रा वि | ४३९३ | ६५८९५ | ८६१३० | २०२३५ | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | शिवालय प्रा वि | १५८० | २३७०० | २९७०० | ६००० | | |
| | | | | चण्डेश्वरी प्रा वि | २३५५ | ३५३२५ | ४६०३५ | १०७१० | | |
| | | | | दोरदोर प्रा वि | २५४४ | ३८१६० | ५०४९० | १२३३० | | |
| | | | | विश्वज्वोती प्रा वि | ६०२७ | ९०४०५ | १२४७४० | ३४३३५ | | |
| | | | | देवी प्रा वि | ३७११ | ५५६६५ | ७५७३५ | २००७० | | |
| | | | | अरनिको मा.वि | ६३६३ | ९५४४५ | २०१९६० | १०६५१५ | | |
| | | | | जम्मा | | | | १७३४२४० | | |
| ३३ | | | **पेश्की बाँकि**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७<br>को परिच्छेद ५ मा पेश्की दिने तथा फछ्र्यौट गर्ने सम्वन्धी व्यवस्था छ। जसअनुसार कार्यालयले देहायअनुसार म्याद समाप्त भएको पेश्की हालसम्म फछ्र्यौट नगरेकोले उक्त पेश्की फछ्र्यौट गर्नुपर्दछ। | | | | | | | १६,७११,५०० |

| गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|
| 114 | कालिमाटी मानेचौका कुन्छा मोटरमार्ग बहुबर्षिय | काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | १०४३५०० |
| 114 | रातमाटा वडा कार्यालय राईपालि (भानु मार्ग) बहुवर्षिय | काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | १५८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 114 | भानु जन्मस्थल मार्ग बहुउद्वेशिय | काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | १५८०००० | |
| | | | 160 | कालिमाटी मानेचौका कुन्छा मोटरमार्ग बहुबर्षिय | काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | १०४३५०० | |
| | | | 160 | रातमाटा वडा कार्यालय राईपालि (भानु मार्ग) बहुवर्षिय | काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | १५८०००० | |
| | | | 160 | भानु जन्मस्थल मार्ग बहुउद्वेशिय | काश्यप निर्माण सेवा तथा सप्लायर्स प्रा.लि. | १५८२५०० | |
| | | | | जम्मा म्याद नाघेको पेश्की | | ८४०९५०० | |
| | | | 335 | न्यायिक समितीको इजलास र सचिवालय स्थापना | बल राम पौडेल | १०००० | |
| | | | 111 | मिलनसिल महिला समुह मार्फत बंगुरपशुपालन र तरकारी खेती | मिलनशिल महिला समुह | ६००००० | |
| | | | 11 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | त्रिभुवन माध्यमिक विद्यालय | ५४०००० | |
| | | | 11 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | भानु संस्कृत माध्यमिक विद्यालय | ५४०००० | |
| | | | 11 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | मनोहर माध्यामिक विद्यालय | ५४०००० | |
| | | | 11 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | सरस्वती मन्दिर माध्यमिक विद्यालय | ५४०००० | |
| | | | 12 | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | अरनिको माध्यिमक विद्यालय | ४९०००० | |
| | | | 12 | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | जनजागृती माध्यमिक विद्यालय | ३८०००० | |
| | | | 12 | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | जनजागृती माध्यमिक विद्यालय | ११०००० | |
| | | | 12 | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | भानु संस्कृत माध्यमिक विद्यालय | १३८००० | |
| | | | 12 | विद्यालय भौतिक पुर्वाधार निर्माण अनुदान | भानु संस्कृत माध्यमिक विद्यालय | ३५२००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | आदर्श सरस्वती मा वी | १७००० | |
| | | | 21 | रास्ट्रपती शैक्षिक सुधार कार्यक्रम | आदर्श सरस्वती मा वी | ५८४००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार थप | आदर्श सरस्वती मा वी | ४२६००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम थप | आदर्श सरस्वती मा वी | १७१००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम थप | आदर्श सरस्वती मा वी | ६०२००० | |
| | | | 21 | रास्ट्रपती शैक्षिक सुधार कार्यक्रम | चोक माध्यमिक विद्यालय | ४९८००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम थप | चोक माध्यमिक विद्यालय | १३०२००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | त्रिभुवन माध्यमिक विद्यालय | १२६०००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | भानु संस्कृत माध्यमिक विद्यालय | १२६०००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | मनोहर माध्यमिक विद्यालय | १२६०००० | |
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | सरस्वती मन्दिर माध्यमिक विद्यालय | १६१००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 21 | राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम थप | सरस्वती मन्दिर माध्यमिक विद्यालय | १०९९००० | |
| | | | 4 | मातृ तथा नवशिशु कार्यक्रम | जितेन्द्र श्रेष्ठ | ५०००० | |
| | | | 37 | वडाको प्रशासनिक खर्च | रिता सुवेदी | १००००० | |
| | | | 42 | आयुर्वेद औषधालयको चालु तथा कार्यक्रम बजेट | उमेश भगत | ८०००० | |
| | | | 5 | ICT सम्बन्धी तालिम | श्री कृष्ण त्रिपाठी | २५०००० | |
| | | | 5 | लेखा व्यास्थापन तालिम | श्री कृष्ण त्रिपाठी | २५०००० | |
| | | | 7 | शिक्षक शैक्षिक भ्रमण | श्री कृष्ण त्रिपाठी | ३००००० | |
| | | | 225 | कर्मचारी अध्ययन अवलोकन भ्रमण | टोपा देवि दुरा | १८०००० | |
| | | | 238 | लक्षित वर्ग कार्यक्रम | मदन घर्ती | ४०००० | |
| | | | 253 | लक्षित वर्ग कार्यक्रम | पुस्पा लम्साल वाग्ले | ४०००० | |
| | | | 260 | लक्षित वर्ग कार्यक्रम | जाम बहादुर थापा | १२०००० | |
| | | | 278 | वडाको प्रशासनिक खर्च | जाम बहादुर थापा | १००००० | |
| | | | 109 | पालिकास्तरमा खोप र सरसफाई प्रवद्र्धन कार्यक्रम | शुभाष देवकोटा | २००००० | |
| | | | 116 | मिलनसिल महिला समुह मार्फत बंगुरपशुपालन र तरकारी खेती | धनराज कुमाल | १५००००० | |
| | | | 335 | न्यायिक समितीको इजलास र सचिवालय स्थापना | अर्जुन वहादुर पाण्डे | १०००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | 335 | न्यायिक समितीको इजलास र सचिवालय स्थापना | जाम बहादुर थापा | १०००० | |
| | | | 335 | न्यायिक समितीको इजलास र सचिवालय स्थापना | टोपा देवी दुरा | १०००० | |
| | | | 335 | न्यायिक समितीको इजलास र सचिवालय स्थापना | देवराज पौडेल | १०००० | |
| | | | 335 | न्यायिक समितीको इजलास र सचिवालय स्थापना | मनिराम विश्वकर्मा | १०००० | |
| | | | 15 | स्थानिय पाठ्यक्रम निर्माण र छपाइ | सरस्वती गुरुङ्ग ढकाल | १६०००० | |
| | | | 149 | व्यक्तिगत घटना दर्ताका दर्ता किताब डिजीटार्इजेशनका लागि परामर्श सेवा | सुधा ढकाल | ३३१५०० | |
| | | | 386 | विविध कार्यक्रम खर्च | शिवभक्त रानाभाट | २५००० | |
| | | | 399 | पानी तथा बिजुली | होम बहादुर भण्डारी | २५००० | |
| | | | 412 | विविध खर्च | सुसे सार्की | ३०००० | |
| | | | म्याद नाघेको पेश्की जम्मा | | | १६७११५०० | |
| ३४ | | | **सामुदायिक विद्यालयमा ईन्टरनेट जडानः** | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | | | कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजिकरणका लागी शैक्षिक कार्यक्रम अर्न्तगत विद्यालयमा ईन्टरनेट सेवा विस्तारका लागि स्थानिय तह अन्तरर्गत सञ्चालित आधारभुत तहका सामुदायिक विद्यालयको लागि प्रति विद्यालय रु १२ हजार उपलब्ध गराउने र उक्त रकम ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्ने उल्लेख छ।पालिकाले भौ नं १३९ ।२०७८।०३।२३ बाट २९ वटा प्रा वि लाई रु ३४८०००।ईन्टरनेट जडानको लागि अनुदान उपलव्ध गराएकोमा उक्त विद्यालयहरुले सोहि कामका लागि खर्च गरे नगरेको प्रमाण पेश नभएकोले पालिकाले अनुदान गएको विद्यालयको ईन्टरनेट जडान गरे नगरेको एकिन गरि प्रमाण पेश गर्नुपर्ने अन्यथा जडान नभएको विद्यालयको अनुदान निकासा भएको रकम सम्वन्धित विद्यालयवाट असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नु पर्ने रु | ३४८,००० |
| ३४.२ | | | पालिकाले ८ वटा आधारभुत माध्यमिक विद्यालयलाई रु १२ हजारको दरले ईन्टरनेट जडानको लागि भुक्तानी दिनुपर्नेमा रु ३०००० को दरले भुक्तानी दिएकोमा बढी दरले भुक्तानी भएको असुल हुनुपर्ने रु | १४४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **मेशिनरी उपकरण सञ्चालनमा नआएको**<br>कालीमाटी हस्पिटल ट्रमासेन्टरको लागि मेशिनरी औजार खरिदसम्बन्धमा देखिएको ब्यहोराहरु<br>सार्वजानिक खरिद ऐन २०६३ को दफा ५७ मा विलविजकको भूक्तानी खरिद संझौताको अधीनमा रही तोकिए बमोजिम दिनु पर्नेछ । जनरल एक्सेरे मेशिन , प्रोटेवल कलर डोपर मेशिन, सिआर वा काष्टल, अक्शिजन कन्सेन्टेटर, प्यासेन्ट मनिटरको रु ४५९२०००। तथा फर्निचर तथा कोठा मर्मत संभार तथा निर्माणको रु ४०००००। सहितको लागत अनुमान रु ४९९२०००।भएको मध्ये मेशिनरी औजार उपकरण खरिद कार्यको लागि पपुलर कनेक्सन नेपाल प्रा लि सँग मिति २०७७।१२।१ मा संझौता गरी रु ४२६५७५०। को सामान खरिद गरेको देखिन्छ ।मेशिनरी औजार खरिदसम्बन्धमा देखिएको ब्यहोराहरु निम्नानुसार छन्<br><br>• कालीमाटी हस्पिटल ट्रमासेन्टरको लागि मेशिनरी औजार खरिद गर्ने तथा जडान कार्यको लागि कोठा निर्माण तथा फर्निचर निर्माण सम्मको कार्यको लागत अनुमान नगरस्तरीय अस्पताल प्रमुखले गरेको देखिन्छ ।यसरी कोठा निर्माण तथा फर्निचर निर्माण सम्मको कार्यको लागत अनुमान अस्पताल प्रमुखले नभई ईन्जिनियरले गर्नु पर्ने देखिन्छ ।<br>• जनरल एक्सेरे मेशिन, प्रोटेवल कलर डोपर मेशिन, सिआर वा काष्टल, अक्शिजन कन्सेन्टेटर, प्यासेन्ट मनिटर जस्ता रु४२६५७५०। मूल्यको मेशिनरी औजार उपकरण सञ्चालन गर्ने उपयुक्त ठाँउको ब्यवस्था विना खरिद गरेको देखियो ।उपयुक्त ठाँउको ब्यवस्था पछि मात्र यस्ता संवेदनशिल मेशिनरी उपकरण खरिद गरिनु उचित देखिन्छ ।<br>• हाल सम्म जडान गरी सञ्चालन गरेको प्रमाण नदेखिएकाले ८८।२०७८।१।३० मा पहिलो किस्ता वापत भुक्तानी भएको रकम रु २५५९४५०। उचित देखिएन ।<br><br>कालीमाटी नगरस्तरीय अस्पताल ३० महिना भित्र सम्पन्न गर्ने गरी किरातेश्वर कन्ट्रक्सन एण्ड ड्रिलिङ्ग कम्पनीसँग २०७८।३।२२ मा संझौता गरेको र उक्त भवन निर्माण पछि मेशिन तथा यन्त्रउपकरण ब्यवस्थापन गरिने र हाल सुरक्षित रुपमा मेशिन तथा यन्त्रउपकरण राखिएको कार्यालयको भनाई रहेकोछ । | २,५५९,४५० |
| ३६ | | | **योजना तथा ठेक्का ब्यवस्थापन** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.१ | | | **योजना सुची तयार नगरेको**: स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (४) गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्ने व्यवस्था छ । सम्पुर्ण आयोजना तथा योजनाहरु एक वर्षे रुपमा स्वीकृत गरी कार्यान्वयन गरेको देखिन्छ भने कतिपय आयोजनाहरु आर्थिक वर्षमा नसकिएकोमा अर्को वर्षमा सारी क्रमागत योजना भनी कार्यान्वयन गरेको पाईन्छ । स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउने सन्दर्भमा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गर्नु पर्नेमा सो गरेको पाईएन । मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची बनाई विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास तथा कार्यक्रम कार्यान्वयनमा ल्याउनुपर्दछ ।<br><br>**योजना तर्जुमा तथा कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा २४ (३) मा गाउपालिका तथा नगरपालिकाले योजना बनाउदा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त, गर्न सकिने आम्दानी र रोजगार बढ्ने, लागत सहभागिता जुट्ने, स्थानीय श्रोत साधन र सीपको प्रयोग, समावेशी विकासमा योगदान, दीगो विकास र वातावरणीय संरक्षण, स्थानीय भाषिक, सांस्कृतिक विकास जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने ब्यवस्था छ । सो कुरालाई मध्यनजर गरी आयोजना प्राथमिकता गरेको पाईएन । कानुनमा भएको ब्यवस्था परिपालना गरी दिगो विकास तथा गरिवी निवारणमा सहयोग पुग्ने आयोजना प्राथमिकिकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६.२ | | | **ठेक्का ब्यावस्थापनमा ढिलाईः** सार्वजनिक खरिद नियमावली, २०६४ (८) (१) (ग)मा खरिद कारबाहीको समय तालिका उल्लेख गर्नुपर्ने ब्यवस्था छ । सो अनुसार खरिद योजना बनाई खरिद कारबाहीको समय तालिका उल्लेख गरेको देखिदैन । निम्नानुसारको ५० लाख भन्दा माथीको निर्माण कार्य खरिद संझौता माघ महिना पछि गरेको देखिन्छ । खरिद संझौता प्रथम चौमासिक भित्रै सम्पन्न गरी निर्माण कार्य समय तालिका अनुसार गर्नुपर्दछ ।उदाहरणको रुपमा निम्न लिखित पचास लाख माथीको ठुला ठेक्का ब्यवस्थापनलाई लिन सकिन्छ । | |
| ३७ | | | **बढी भुक्तानीको असुली** | |

| निर्माण कार्य | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | भ्याट सहित लागत अनुमान रु | संझौता रकम रु | खर्च रु | कैफिएत |
|---|---|---|---|---|---|---|
| कालीमाटी नगरस्तरीय अस्पताल | २०७८।३।२२ | ३० महिना भित्र | ९६२२२६७९ | ७३४०३१७४।७० | ० | खर्च नभएको |
| भिसि शेरबहादुर मोटर मार्ग | २०७६।११।४ | २०७७।२।२५ | १७३९२३२० | ११५४८६४५।२० | २१२०५५७।५८ | प्रगती न्यून। म्याद थप |
| कामी भञ्ज्याङ्ग लौडारी भन्ज्याङ्ग कार्की गाँउ मोटरमार्ग | २०७७।१२।२६ | २०७८।२।५ | ९९९७६६० | ६०७६७०९६।९६ | ० | म्याद थप |
| बाँके घलेछाप लौडारी विरेन्द्र मार्ग | २०७७।११।२३ | २०७८।२।२४ | ९५७२२०१९ | ५७३८५१४।०३ | २५१९४४७ | म्याद थप |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.१ | | | **माटो पन्छाउने काममा बढी भूक्तानीः** सार्वजानिक खरिद ऐन २०६३ दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भूक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम दिनु पर्ने ब्यवस्था छ । औद्योगिक ग्रामको लेन्ड्स्कापिङ्ग वर्कको खनेको माटो काम भन्दा माटो खाद्ने काम तथा माटो पन्छाउने काम बढी गरेकोले रु ६४१६९। असुल गर्नुपर्दछ । | ६४,५६९ |

| कार्यको विवरण | घनमिटर | दर रु | जम्मा रु |
|---|---|---|---|
| औद्योगिक ग्रामको लेन्ड्स्कापिङ्ग वर्क ब्लक ए | | | |
| Roadway Exavation all type of soil | ३४७९।८५ | ४० | १३९१९४ |
| Compacting of work | १६२९।०१ | ९० | १४६६११ |
| Disposal of Work | २०५४।२५ | ९० | १८४८८३ |
| माटो खनेको भन्दा वढी माटो फालेको | २०३।४१ | ९० | १८३०७ |
| औद्योगिक ग्रामको लेन्ड्स्कापिङ्ग वर्क ब्लक वी | | | |
| Roadway Exavation all type of soil | ७७४६।५३ | ४० | ३०९८५२ |
| Compacting of work | ४०२८।३६ | १०० | ४०२८३५ |
| Disposal of Work | ४२२७।७५ | ९० | ३८०४९७ |
| माटो खनेको भन्दा वढी माटो फालेको | ५०९।५८ | ९० | ४५८६२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७.२ | | | **कडा माटो खन्ने काममा बढी भूक्तानीः** सार्वजानिक खरिद ऐन २०६३ दफा ५७ मा सार्वजानिक निकायले बिल बिजकको भूक्तानी खरिद सम्झौताको अधिनमा रही तोकिए बमोजिम दिनु पर्ने ब्यवस्था छ ।कामिभञ्ज्याङ्ग लौडारी भञ्ज्याङ्ग वडा अफिस दुधेकुना मोटर मार्ग निर्माण कार्य अन्तर्गत कडा माटो काट्ने खन्ने काम ६७०३।७३ घन मिटरको मात्र गरेकोमा ७७२०।७७ घन मिटरको भूक्तानी गरेकोले बढि भूक्तानी भएको १०१७।०४ घनमिटरको रु ६० प्रति घनमिटरका दरले हुन आउने रु ६१०२२। असुल गर्नुपर्दछ । | ६१,०२२ |
| ३८ | | | **आयकरमा ननफाईलरः**<br>आयकर ऐन, २०५८ को दफा ९६ मा आय वर्ष समाप्त भएको मितिले ३ महिनाभित्र आय विवरण सम्वन्धीत आन्तरिक राजस्व कार्यालयमा वुझाउनुपर्ने व्यवस्था छ।यस सम्वन्धमा अर्थ मन्त्रालयले मिति २०७७।८।२९, च. नं. ३२७ को पत्रवाट १ वर्षभन्दा वढी अवधिको आयकरमा ननफाइलमा रहेकोलाइ रकम भुक्तानी दिन नहुने उल्लेख गरेको छ। कार्यालयले यस वर्ष पालिका पूँजिगत शिर्षकबाट विभिन्न ईलेक्ट्रिकल सामाग्रि खरिदको लागि भौ न ४५ मिति २०७७।११।०६ बाट रु २६०००० र सिसिटिभि खरिदको लागि भौ नं ६० मिति २०७७।११।२५ बाट रु ४२३५२४ अल्ट्रा ईलेक्ट्रोनिकल प्रा लि (स्थायी लेखा नं ६००२५३४८४) भुक्तानी दिएको छ। निज करदाताले आ व ०७६।७७ को आय विवरण मात्र वुझाएको देखिन्छ भने २०७७।७८ को विवरण हालसम्म पनि वुझाएको छैन। अतः निजआपूर्तिकर्तालाई भुक्तानी दिएको रकमको मुअकर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु | ६८३,५२४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **सोझै खरिद:**<br>सार्वजनिक खरिद ऐन२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै**m** गर्न सकिनेरु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ ।पालिकाले यस वर्ष विभिन्न आपूर्तिकर्ताबाट पटक पटक कोटेशन प्रस्ताव माग गरी सिसिटिभि खरिद तथा जडान कार्य गरेको छ। यसरी एउटै प्रकृतिको सामान खरिद गर्दा एउटै प्याकेज बाट प्रतिस्पर्धि खरिद विधि अवलम्बन गरी खरिद गर्नु पर्नेमा पालिकाले यो वर्ष एउटै किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेकोले अनियमित रु | २,१२२,४७८ |

| भौ. नं. | आपूर्तिकर्ताको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| ५३ | भिस्टा ईन्भेस्टमेन्ट प्रा ली | सिसिटिभि खरिद तथा जडान | ३९३२४० |
| ५४ | भिष्टा ईन्भेस्टमेन्ट प्रा ली | सिसिटिभि खरिद तथा जडान | ४६५५६० |
| ५५ | सुप्रिम टेड्रर्स | सिसिटिभि खरिद तथा जडान | २९५३८२ |
| ५८ | सामरी आईटि सोलुसन प्रा ली | सिसिटिभि खरिद तथा जडान | ४१९२३० |
| ५९ | डाटा प्रो ट्रेडिङ्ग | सिसिटिभि खरिद तथा जडान | १२५५४२ |
| ६० | अल्ट्रा ईलेक्ट्रिकल प्रा लि | सिसिटिभि खरिद तथा जडान | ४२३५२४ |
| | जम्मा | | २१२२४७८ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>
दशलाख भन्दा कम लागत अनुमानको आयोनना छनौट<br>यस कार्यक्रम अन्तर्गत रु ११७०००००। अख्तियारी प्राप्त गरी रु१११०३०००।निकासा खर्च गरेकोछ । यसमा देखिएको ब्यहोरा निम्नानुसार छन् ।
स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७को नियम १० (४) मा आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कूल रकमबाट न्यूनतम दश लाख रुपैया लागत अनुमान भएको आयोजना छनौट गर्नुपर्ने ब्यवस्था छ । दशलाख भन्दा घटीका आयोजानमा रकम विनियोजन गरी यस पालिकाले कार्यान्वियन गरेको छ । नियमावलीमा भएको ब्यवस्था विपरित आयोजना छनौट भएको नियमसम्मत देखिएन । रु १९५५१४८
<table>
<tr><th>योजनाको नाम</th><th>वजेट</th><th>खर्च</th></tr>
<tr><td>मगर समाज पहिरो नियन्त्रण</td><td>३२८२६८</td><td>३२७६३५</td></tr>
<tr><td>तमुसेवा समाज रिटेनीङ्ग वाल निर्माण</td><td>४४३६९२</td><td>४४०७९५</td></tr>
<tr><td>तामाङ्ग गुम्बा तुरतुरे ट्रस भवन निर्माण</td><td>३२५९१७</td><td>३१८१६७</td></tr>
<tr><td>नुरी मदर्शा अधुरो भवन निर्माण</td><td>३२६२५८</td><td>३२६२५५</td></tr>
<tr><td>कुलुङ पर्यटन पुर्वाधार निर्माण</td><td>५५०५३७</td><td>५४२२९६</td></tr>
<tr><td>जम्मा</td><td>१९७४६७२</td><td>१९५५१४८</td></tr>
</table>
</td><td>१,९५५,१४८</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
स्वीकृत योजना भन्दा अन्य योजनामा खर्च<br>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ अनुसार जुन प्रयोजनमा वजेट ब्यवस्था भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्दछ । सूर्यदय गाँउवेशी आमा समूहलाई मोटर मार्ग निर्माण गर्न रु १२ लाख र सूर्यदय गाँउवेशी आमा समूह भवन निर्माणको लागि रु ५ लाख विनियोजन भएकोमा मोटर मार्ग निर्माण नगरी आमा समूह सुर्यदय गाँउवेशी आमा समूह रु ३०३१३४ नवबुद्ध आमा समूह रु १४५८१५ र जनकल्याड आमा समूह रु १६३८०७ गरी तीन समूहलाई वजेट टुक्रा गरी रु ६१२७५८। खर्च गरेको नियम सम्मत देखिदैन ।
</td><td>६१२,७५८</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **कार्यालयको काम उपभोक्ता समितिबाट:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै वडा कार्यालयको कम्पाउण्ड गेट निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु २७०००० खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फतआफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु | २७०,००० |

| भौ नं. मिति | कामको विवरण | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| २४४ | वडा कार्यालय कम्पाउण्ड गेट निर्माण | वडा कार्यालय कम्पाउण्ड गेट निर्माण उ स | २७०००० |
| | | जम्मा | २७०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट:**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ ।यस पालिकाले विभिन्न सडक निर्माणका योजना उपभोक्ता समितिबाट सम्पन्न गराई खर्च लेखेको छ।यसरी सम्पन्न गरेका योजनामा सम्पूर्ण काम सडक कटिङ्गको काम रहेको र सडक कटिङ्ग कार्यमा मेसिन प्रयोग भएको छ।यसरी निर्माण कार्य गर्दा रोजगारी सिर्जना नहुनुका साथै काममा मितव्ययिता रगुणस्तरियता समेत सुनिश्चित नहुने देखिन्छ।यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ।केहि उदाहरणहरु: | |

| भौ न | कामको बिवरण | अन्तिम मुल्याङ्कन | मेसिन प्रयोग बिल |
|---|---|---|---|
| ८० | ग्रिल उद्योग देखि वडा कार्यालय जाने बाटो | २१८४९५ | २११६०० |
| ८८ | सम्जुर सुगुरे मोटर मार्ग निर्माण | २३२४८२ | २३३१९९ |
| ३७४ | बासबोटे कालिका चिसापानी मार्ग | ५६२०९४ | ५४१४९६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **जडान वेगरको खपत:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेको केहि योजनाको नुमुना छनौट गर्दा देहायका भौचरवाट उपभोक्ता समितिलाइ भुक्तानी गरेकोमा खरिद गरेको पाइप जडान नभएको आधारमा रकम भुक्तानी भएको देखियो। सामान खरिद गरेर जडान नगर्दा कामको प्रभावकारीता नहुने तथा खरिद गरिएको पाईप प्रयोग भए नभएको एकिन नहुने हुँदा उक्त पाइप जडान भएको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने रु | ३५२,४५८ |

| भौ नं | उपभोक्ता समितिको नाम | खरिद भएको पाइप | दर प्रति रनिङ्ग मिटर | पाइपको रकम |
|---|---|---|---|---|
| १२६ | बाईस जागर खानेपानी योजना | ६०० मिटर २० मिमि , ४०० मिटर ३२ मिमि एचडिपी पाइप र ५० मिमि ४५० मिटर | २० मिमि ३६.७३ प्रति रनिङ् मिटर, ३२ मिमि ६२.७२ प्रति रनिङ्ग मिटर र ५० मिमि १४८.६० प्रति रनिङ्ग मिटर | १०६५५९ |
| २०६ | नयाँ बस्ती खानेपानी योजना | ९०० मिटर २५ मिमि , ९०० मिटर २० मिमि एचडिपी पाइप | २५ मिमि ५७.०७ प्रति रनिङ् मिटर, २० मिमि ३७.८६ प्रति रनिङ्ग मिटर | ८५४२८ |
| ६३ | प्रयोजन स्पष्ट नभई कार्यालयले खरिद गरेको | कार्यालयले छिम्केश्वरी टेड्रर्स, मनकामना हार्डवेयर र सिद्धिता स्टोरबाट फरक फरक साईजका एचडिपिई पाईप खरिद गरेको र प्रयोग भए नभएको सम्बन्धमा प्रमाण संलग्न नरहेको | | १६०४७१ |
| | जम्मा | | | ३५२४५८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **बढि परिमाण मुल्याङ्कन:**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाबाट खरिद सम्झौता भै निर्माण कार्य भएको र निर्माण सम्पन्न भएको योजनाको उपभोक्ता समिति अन्तिम विलको भुक्तानी गर्दा वास्तविक कार्य सम्पदान भएको भन्दा वढि परिमाण कार्य भएको नापि र मुल्याङ्कन कायम गरी भुक्तानी दिएको पाइयो।भौ न ६२ मिति २०७७।११।२५ बाट बारीफाँट सामुदायिक भवन निर्माण वापत उपभोक्ता समितिलाई भुक्तानी दिईएको खर्च लेखेको छ। संलग्न फाँटबारी परीक्षण गर्दा ब्रिक्स मेसिनरी कार्य ९.२९ घ मि सम्पादन भएको र उक्त कार्य सम्पादनमा २ बटा झ्याल को नापि घटाईएको छ। झ्यालको चौकोस तथा सिसा र पल्ला लगाउने कार्यमा ६ वटा झ्याल गणना गरि अन्तिम मुल्याङ्कन गरिएको छ। एउटै भवन निर्माण कार्यमा ब्रिक्स मेसिनरी कार्यमा २ वटा झ्यालको अंश घटाएबाट २ वटा भन्दा बढि झ्याल रहेको मान्न सकिने आधार देखिदैन। यस सम्बन्धमा वास्तविक रुपमा कार्यसम्पादन भएको भन्दा तपशिल बमोजिम बढि नापि तथा मुल्याङ्कन कायम भई भुक्तानी भएको ४ वटा झ्यालको चौकोस तथा पल्ला र सिसा लगाउने कार्यको सम्बन्धमा प्राविधिक पुष्ट्याई गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १३४,१७७ |

| कामको विवरण | नापि | संख्या | परिमाण | दर प्रति घ मि | रकम |
|---|---|---|---|---|---|
| झ्यालको चोकोस | ८*०.१०*०.०८ | ४ | ०.२४ घ मि | २३४८४६।८० | ५६३६३ |
| पल्ला र सिसा लगाउने | १.५२*१.३७ | ४ | ८.३३ व मि | ९३४५।२१ | ७७८१४ |
| | | जम्मा | | | १३४१७७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**मेशिनले वाटो खनेकोमा नाली खन्ने काममा मानिस प्रयोगः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट सम्पन्न गरेको केहि निर्माण योजनाको नुमुना छनौट गर्दा तपशिल बमोजिमका सरसफाई तथा बाटो निर्माण योजनामा सम्पूर्ण निर्माण काममा मेसिनको प्रयोग भएको छ भने सोहि योजनाको नाली खन्ने काम मानिसवाट सम्पन्न भएको छ। मेसिनवाट गर्न सकिनेकाम मानिस प्रयोग गर्नुको आधार नखुलाएकोले मानिसको प्रयोगबाट काम सम्पन्न भएको मान्न सकिदैन।यसर्थ मानिसबाट कार्यसम्पन्न भएको अन्तिम मुल्याङ्कन गरी बढी दरले भुक्तानी भएकोले थप व्ययभार परेको रकम असुल गर्नु पर्ने रु

<table>
<tr><th>भौ न</th><th>कामको विवरण</th><th>नाली निर्माण कामको परिमाण घ मि</th><th>मानिस प्रयोगको कायम भएको दर घ मि</th><th>कायम हुनुपर्ने मेसिन प्रयोग दर</th><th>फरक दर</th><th>बढि रकम</th></tr>
<tr><td>४९</td><td>वडा स्तरिय सरसफाई योजना भानु १२</td><td>१०८.४१</td><td>५०४.७०</td><td>५७.६१</td><td>४४७.०९</td><td>४८४६९</td></tr>
<tr><td></td><td></td><td colspan="4">जम्मा</td><td>४८४६९</td></tr>
</table>

</td><td>४८,४६९</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**ईटाँमा न्यून विजकिकरणः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितिले गरेको कामको खर्चका विल भर्पाइ सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले विभिन्न काम उपभोक्ता समितिमार्फत गराएकोमा इट्टाको काममा खर्चका विल परिक्षण गर्दा पालिकाले तयार गरेको दररेट भन्दा ज्यादै न्युन मात्रामा विजक पेश गरेको देखियो। इट्टाको काममा जिल्ला दररेटमा मु अ कर सहित १६.७५ रहेको छ तर विजक परिक्षण गर्दा प्रति इट्टा जिल्ला दररेट भन्दा न्यून दर भित्र खरिद गरेको देखिएकोमा समेत रु १६.७५ को दरले मुल्यांकन गरी भुक्तानी दिएको छ। पालिकाले विल अनुसारको मुल्यांकन गरी न्युन विजकीकरणलाइ नियन्त्रण गर्न जरुरी देखिन्छ। यस सम्बन्धमा Bricks Masonryमा विलको आधारमा मुल्यांकन गर्दा देहायअनुसार रु २०३२२८ बढि भुक्तानी भएको छ। साथै उपभोक्ता समितिले खरिद गरेको दरभन्दा बढि दरमा मुल्याङ्कन कायम गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई मुल्य अभिवृद्धि कर वापतको रकम समेत भुक्तानी भएकोले बढि दरमा मुल्याङ्कन हुदा उपभोक्ता समितिलाई बढि भुक्तानी भएको मुल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु

<table>
<tr><th>भौ नं</th><th>निर्माण कार्य</th><th>ब्रिक्स</th><th>मुल्यांकन</th><th>उपभोक्ता समितीले</th><th>मुल्याङ्कन भएको</th><th>फरक</th><th>वढी भुक्तानी</th><th>बढि</th></tr>
</table>

</td><td>२३,३८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मेसिनरी कामको परिमाण (घ. मि) | भएको ईटाँको संख्या | खरिद गरेको दर मु अ कर सहित | इटाँको दर मु अ कर सहित | परेको दर | मु अ कर सहित | भुक्तानी मु अ कर | |
| | | | ६२ | बारीफाँट सामुदायिक भवन निर्माण | ९.२९ | ५२०२ | ९.०४ | १६.७५ | ७.७१ | ४०१३१ | ४६१७ | |
| | | | १४६ | रामपुटार बहुउद्येश्यिय भवन निर्माण | १६.५५ | ९२६८ | ११.६२ | १६.७५ | ५.१३ | ४७५४५ | ५४७० | |
| | | | २३१ | बहुउद्येश्यीय भवन लामास्वारा निर्माण | ६.२४ | ३४९५ | ८ | १६.७५ | ८.७५ | ३०५८१ | ३५१८ | |
| | | | २२२ | बारीफाँछ सामुदायिक भवन | १३.६७ | ७६५५ | ५.६५ | १६.७५ | ११.१ | ८४९७१ | ९७७५ | |
| | | | | जम्मा | | | | | | २०३२२८ | २३३८० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **बढि भुक्तानी:**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले भौ न २४७ मिति २०७८।०३।१६ बाट उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न गरेको रानीपानी डुम्रीखर्क थानीकोथान बाटो निर्माण योजनाको मेसिन प्रयोग गरी अधिकांश निर्माण कार्य गरेकोमा ब्याक फिलिङ काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ।निर्माण कार्यमा मेसिन प्रयोगबाट नरम माटो, मध्यम चट्टान र पहिरो पन्छाउने कार्य मेसिन प्रयोगबाट भएबाट सोहि निर्माणस्थलमा ब्याक फिलिङ्गको काम मानिसबाट भएको मान्न सकिने आधार देखिदैन। मेसिनवाट गरिएको ४१५ घ मि प्रति घ मि रु ५७.६१ प्रति घ मि को दरले भुक्तानी हुनुपर्नेमा मानिस प्रयोगको दर रु ११२.५०प्रति घ मि दरले भुक्तानी हुदा प्रति घ मि ५४.८९ को दरले रु २२७७९ बढि भुक्तानी भएको छ।यसर्थ बढि भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु | २२,७७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **उपभोक्ता समिति बिल भर्पाई:** सार्वजनिक खरिद नियमावलिको नियम ९७(६) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको वैठकवाट अनुमोदन गराई सम्वन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्दछ।यस पालिकाले भौ न २८८ मिति २०७८।०३।२३ बाट जोगिफाँट एक्लेसाल निर्माण उपभोक्ता समितिलाई रु२५०००० भुक्तानी दिएको छ। सम्पूर्ण निर्माण कार्य मेसिन प्रयोग गरि सम्पादन भएको र उपभोक्ता समितिले बुलेट कन्सट्रक्सन प्रा लि को मेसिन ११२ घण्टा प्रति घण्टा २४८६ मु अ कर सहितको दरले प्रयोग भएको बिल पेश भएको र सोहि अनुरुप उपभोक्ता समितिको योगदानको अंश कट्टा गरि भुक्तानी भएको छ।यस सम्बद्ध फाँटवारी परिक्षण गर्दा उपभोक्ता समिति सँग यस निर्माण कार्यको मिति २०७७।१०।२९ मा सम्झौता भएको छ। उपभोक्ता समितिको मिति २०७७।११।११ को बैठक मायुनुट अनुसार निर्माण कार्य २०७७।११।०७ बाट प्रारम्भ भई २०७७।११।११ मा निर्माण सम्पन्न भएको छ। कार्यस्थलमा एउटै भ्याकु लोडर प्रयोग भएको र जम्मा ५ कार्यदिनमा निर्माण कार्य सम्पन्न भएको बाट निरन्तर रुपमा ५ कार्यदिन एउटै मेसिन ११२ घण्टा सम्म प्रयोग भएको आधार स्वाभाविक मान्न सकिदैन।यस निर्माण कार्यमा ३२३.४० घ मि नरम माटो, २१७५.९४ घ मि कडा माटो, ४४६.०६ घ मि सामान्य चट्टान र १५०.५० घ मि नाला खन्ने काम भएको छ।यस सम्बन्धमा स्विकृत दररेट विश्लेषण अनुसार नरम माटो कटिङ्ग ९० घ मि प्रति घण्टा, कडा माटो कटिङ्ग ७० घ मि प्रति घण्टा र नरम चट्टान २५ घ मि प्रति घण्टा आधार मान्दा यस निर्माण कार्यमा सम्पादन भएको नरम माटो ४७४ घ मि, कडा माटो २१७७ घ मि र सामान्य चट्टान ४४६ घ मि गरी कुल ३०९७ घ मि कटिङ्गको काम ५४.१८ घण्टामा सम्पन्न हुने देखिन्छ। यसरी उपभोक्ता समितिले पेश गरको ११२ घण्टा मेसिन प्रयोग गरेको बिल वास्तविक रुपमा प्रयोग भएको भन्दा ५७.८२ घण्टाले बढि देखिन्छ। यसर्थ वास्तविक रुपमा प्रयोग भएको समय भन्दा बढि समयको आधार लिई भुक्तानी भएकोले ५७.८२ घण्टाको प्रति घण्टा रु २४८६ को जम्मा रु १४३७४० बढि भुक्तानी भएकोले उपभोक्ता समितिको योगदानको अंश बाहेक रु १२९३६६ बढि भुक्तानी भएकोले असुल गर्नुपर्ने रु | १२९,३६६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **कार्यसम्पन्न वेगर भुक्तानी:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायको प्राविधिक कर्मचारीले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट पेश भएको कुल खर्चको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाईन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ती तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ।तपशिल बमोजिमका निर्माण कार्य प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य शुरु भएको र अन्तिम भुक्तानीको खर्च लेख्दा अन्तिम मुल्याङ्कन, नापि र कार्यसम्पन्न प्रतिवेदन संलग्न भएको छैन।प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य गर्दा के कति परिमाणमा काम गर्नुपर्नेहो सो को एकिन सकिएन र अन्तिम मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएबाट निर्माण कार्य सम्पन्न भएको हो वा होईन एकिन गर्न सकिएन साथै निर्माण कार्य सम्पन्न नहुदै सम्पूर्ण भुक्तानी दिई योजना फरफारक गरेको देखिन्छ। यस सम्बन्धमा निर्माण कार्य सम्बन्धि लागत अनुमान, प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | ६९०,००० |

| भौ न मिति | कामको विवरण | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| २४४ | चितिखोला भट्टा फाँट कुलो निर्माण | चितिखोला भट्टा फाँट कुलो निर्माण | ५००००० |
| २६१ | बाटो निर्माण | अमर सिंह थापा प्रतिष्ठान | १९०००० |
| | जम्मा | | ६९०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **भत्ता नपाउनेलाई भत्ता भुक्तानीः**<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी २०७७ को दफा ९(२) अनुसार कुनै सरकारी वा सार्वजनिक पदमा नियुक्ति वा मनोनित भई वहाल रहेको व्यक्ति, नेपाल सरकार स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तहको आंशिक वा पुर्ण स्वामित्वमा रहेको संगठित सस्थावाट नियमित रुपमा पारिश्रमिक वा निवृतीभरण, अवकास सुविधा वा अन्य सुविधा पाइरहेका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नपाउने व्यवस्था भएकोमा पालिकामा वडा नं ९ मा महिला वडा सदस्य पदमा कार्यरत तारा कुँवर थापा भन्ने तारा देवी क्षेत्रीले पालिकावाट मासिक सुविधा लिइराखेकोमा सामाजिक सुरक्षा भत्ता समेत लिएको देखिएकोले दोहोरो सुविधा भुक्तानी भएको सामाजिक सुरक्षा रकम असुल गर्नुपर्ने रु.<br>साथै गत विगत आर्थिक वर्षको सम्वन्धमा समेत छानविन गरी दोहोरो भुक्तानी भए नभएको सम्वन्धमा एकिन गर्नुपर्ने देखिन्छ। | ३६,००० |
| ५२ | | | **मृत्यू भएका व्यक्तीको भत्ता वैक निकासाः**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाउने व्यक्तीको मृत्यू भएका उक्त लाभग्राहीलाई भत्ता पाउने सुचीवाट हटाई मृत्यू भएको दिनदेखी भत्ता दिन रोक्नुपर्ने व्यवस्था भएकोमा पालिकाले प्रथम तथा अन्तिम चौमासिक भत्ता वितरण गर्दा देहायका व्यक्तीको मृत्यूपश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असूल गरी संघिय सञ्चित कोष दाखिला गर्नुपर्ने रु... | ८५,७०० |

| लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा नं | मृत्यू मिति | पाउने रकम | निकासा रकम | वढी | निकासा चौमासिक |
|---|---|---|---|---|---|---|---|
| ज्येष्ठ नागरिक | दिल कुमारी श्रेष्ठ | १३ | ०७७।९।२१ | ५१०० | १२००० | ६९०० | दोस्रो |
| ज्येष्ठ नागरिक | कालि परियार | १३ | ०७७।१।२७ | ४००० | ८००० | ४००० | तेस्रो |
| ज्येष्ठ नागरिक | जुठी थापा | १३ | ०७७।८।५ | ५०० | २४००० | २३५०० | दोस्रो र तेस्रो |
| ज्येष्ठ नागरिक | हर्क व लामा | १ | ०७७।११।२ | ९२०० | १२००० | २८०० | दोस्रो |
| ज्येष्ठ नागरिक | हरी व क्षेत्री | १२ | ०७७।१२।८ | ८०० | १२००० | १०८०० | तेस्रो |
| ज्येष्ठ नागरिक | राम माया अधिकारी | १२ | ०७८।२।९ | ६९०० | १२००० | ५१०० | तेस्रो |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठ नागरिक | प्रेम माया थापा | १२ | ०७७।१२।२७ | २७०० | १२००० | ९३०० | तेस्रो | | |
| | | | | ज्येष्ठ नागरिक | विष्णुमाया गुरुङ | १२ | ०७८।१।१६ | ४६०० | १२००० | ७४०० | तेस्रो | | |
| | | | | ज्येष्ठ नागरिक | भगवती के सि | १२ | ०७८।०२।१७ | ७७०० | १२००० | ४३०० | तेस्रो | | |
| | | | | ज्येष्ठ नागरिक | सुकमाया गुरुङ | ४ | ०७८।२।२७ | ८७०० | १२००० | ३३०० | तेस्रो | | |
| | | | | ज्येष्ठ नागरिक | पशुपतीनाथ ढकाल | ४ | ०७८।०१।७ | ३७०० | १२००० | ८३०० | तेस्रो | | |
| | | | | | जम्मा | | | | | ८५७०० | | | |
| ५३ | | | **निस्कृय खाताः**<br>सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ अनससूचि ७ को बुंदा न ७ मा सामाजिक सुरक्षा विशेष बचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका विवरण खाताहरु मध्य निस्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाइ दिनुपर्ने साथै अनुसुची ८ को बुंदा न १० मा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महनाभित्र सम्बन्धित स्थानीय तहलाइ दिनुपर्ने ब्यवस्था छ ।पालिकाले विभिन्न वैक मार्फत सामाजिक सुरक्षा वितरण गरेकोमा लेखापरीक्षणको क्रममा निस्कृय खाताको विवरण माग गर्दा प्रभु वैकमा ६ जना लाभग्राहीको रु.३२९०१२।०० रकमको र मेघा वैकमा २ जना लाभग्राहीको रु. ४३२००।०० गरी जम्मा रु.३७२२१२।०० रकमको खाता निष्क्रिय रहेको वैकवाट प्रमाणित विवरण पालिकामा प्राप्त भएको छ।उल्लिखित निस्क्रिय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहिहरु सम्वन्धमा सम्वन्धित वडाबाट एकिन गरी नभएको अवस्थामा खातामा निस्क्रिय रहेको रकम असूल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.... | | | | | | | | | | ३७२,२१२ |
| ५४ | | | **टुक्रा पारि औषधि खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने व्यवस्था छ। ५ लाख भन्दा कममा टुक्रा गरि रु १५६१२६६ को औषधि खरिद गरेको छ।सोझैखरिद कार्य गर्दा सीमा भन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटक भन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ।पालिकाले औषधि खरिद गर्दा प्रतिस्पर्धात्मक हुने गरी गर्नुपर्दछ । | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौ नं | विवरण | रकम | | |
| | | | | २५ | थानिमाइ सर्जिकल फर्म | ३२२०९४ | | |
| | | | | २५ | डाइनामिक मेडी प्रा लि | ४५७२४५ | | |
| | | | | २५ | पपुलर कनेक्सन नेपाल प्रा लि | ४९९१७६ | | |
| | | | | ३२ | अनमोल मेडिसिन प्रा लि | ४९६२९२ | | |
| | | | | ४४ | समग्र मेडिलिङ्क प्रा लि | ६६६७० | | |
| | | | | ४४ | चिराग फार्मेसी | ९४४४५ | | |
| | | | | ४४ | अनमोल मेडिसिन प्रा लि | ४९९९६ | | |
| | | | | ४४ | थानीमाइ सर्जिकल फर्म | १६७५४७ | | |
| | | | | ४३ | केयर हर्वल प्रोडक्ट प्रा लि | १००९०४७ | | |
| | | | | | चालु तर्फ | | | |
| | | | | १५ | अनमोल मेडिसिन प्रा लि | ९११६० | | |
| | | | | २१ | समग्र मेडिलिङ्क प्रा लि | ९९८९२ | | |
| | | | | २१ | चिराग फार्मेसी | ६६०२७६ | | |
| | | | | २१ | विश्वास मेडिकल हल | १८२५५० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २१ | केवलेश्वर मेडिकल | १९९९७६ | | |
| | | | | ३४ | माउण्ट अन्नपुर्ण फार्मेसी | ४९९८०० | | |
| | | | | ३४ | चिराग फार्मेसी | ४९९७४८ | | |
| ५५ | | | **औषधि खरिद**<br>सार्वजनिक खरिद नियमावली२०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ।तर स्थानीय तहले शिलवन्दि र सोझै गरी विभिन्न सप्लायर्सवाट रु.३५४९७४७। औषधि खरिद गरेको छ।यस सम्बन्धी देखिएको व्यहोराहरु देहायअनुसार छन्:<br>· खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको<br>· आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मितिब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको<br>· आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।<br>· औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको<br>· औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको<br>· तसर्थ औषधिको खरिदआपूर्तीदाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्नेतोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>शौक्षिक गुणस्तर सदृढीकरण एवम् कार्यसम्पादन अनुदानः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ।पालिकाले भौ नं ४।२०७८।०३।१० बाट देहायको विद्यालयहरुलाई शौचालय निर्माणको लागि ७ लाखको दरले विनियोजन गरेकोमा ३० प्रतिशतको दरले अनुदान उपलब्ध गराएकोमा खर्चको विल भरपाई पेश नभएकोले प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु
<table>
<tr><th>सि नं</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>अरनिको मा वि</td><td>२१००००</td></tr>
<tr><td>२</td><td>भानु संस्कृत मा वि</td><td>२१००००</td></tr>
<tr><td>३</td><td>जनजागृति मा वि</td><td>२१००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६३००००।</td></tr>
</table></td><td>६३०,०००</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>सामुदायकि विद्यालयको छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनः<br>शैक्षिक कार्यक्रम कार्यन्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं २.७.१३.२३मा सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरि प्याड ब्यवस्थापनका लागि प्रति विद्यार्थि अनुदान उपलब्ध गराउने व्यवस्था छ ।सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्म अध्यायनरत छात्राहरुको तथ्याङ्क यकिन गरि एउटा महिनामारि चक्रको लागि बढीमा प्याकेट सम्म सेनिटरी प्याड उपलब्ध गराउने तथा बार्षिक १० महिना अवधिका लागि निशुल्क सेनिटरी प्याड व्यवस्थापन गर्ने उलेल्ख छ।पालिकाले सेनिटरि प्याड खरिद गरेकोमा विद्यार्थि सख्या एकिन नगरि खरिद गरेको छ।२०७८ वैशाख २० मा सुचना प्रकाशन गरि सिलबन्दि खरिदको माध्यमबाट २०७८।३।२३ माशनिदेव सप्लायर्स सँग प्रति प्याकेट ५९।१४को दरले १७८८२।प्याकेट खरिद गरेको छ। पालिकाले विद्यालयलाई आर्थिक बर्ष २०७७।७८ मा वितरण गरेको भररपाई पेश गरेको छ। उक्त सेनिटरी प्याड आर्थिक बर्ष ७८।७९ को लागि प्रयोग हुने भएकोले आर्थिक बर्ष ७८।७९ को लागि खरिद गर्दा अघिल्लो आर्थिक बर्षमा विद्यालयलाई वितरण गरेको सेनिटरी प्याड प्रयोग गरिसकेपछि मात्र खरिद गर्ने तर्फ कार्यलयले ध्यान दिनुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **विशेष अनुदान**<br>विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ मा स्थानिय तहले खर्चको प्राथमिकता र आवश्यकताका आधारमा माग गरे वमोजिम विशेष अनुदान प्रदान गरिने र मागमा उल्लेख आयोजना/कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकालाई नेपाल सरकारले कृषि तथा पशुपालन कार्यक्रममा रु ५० लाख विशेष अनुदान निकासा गरेकोमा मिति २०७७।३।९ को नगरसभाले ७ वटा कार्यक्रम गर्नको लागि रकम विनियोजन गरेकोमा मिति २०७७।११।६ को नगरसभाले कार्यक्रम संशोधन गरी २ वटा कार्यक्रममा रकमान्तर गरेको छ । लेखापरीक्षणको क्रममा विशेष अनुदान माग गर्दा छनौट भएका कार्यक्रम/आयोजना सम्वन्धि कागजात पेश नगरेकोले कुन कार्यक्रम/आयोजनाको लागि विशेष अनुदान माग गरिएको हो एकिन हुन सकिएन । विशेष अनुदान पूर्वनिर्धारित कार्यक्रम/आयोजनाको लागि प्राप्त हुने हुँदा कार्यक्रम संशोधन गरी मागमा आधारित कृषि तथा पशु कार्यक्रममा गरेको खर्च अनियमित देखिएको रु | ४,६००,००० |

| कार्यक्रम/आयोजना क्रियाकलापको नाम | शुरु कार्यक्रम | संशोधित कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| मागमा आधारित कृषि तथा पशु कार्यक्रम | ० | ४६००००० | ४६००००० |
| प्राङ्गारिक खेति प्रवर्धन कार्यक्रम | १५००००० | ० | |
| बाख्रा खोर सुधारमा ५० प्रतिशत अनुदान कार्यक्रम | १०००००० | ० | |
| सुकुटि र अचार उद्यमका लागि साना उद्यम र प्रविधि हस्तान्तरण कार्यक्रम | १०००००० | ४००००० | ३२०४३५ |
| भुमि बैङ्क व्यावस्थापन | ५००००० | ० | |
| पाडा पालक अनुदान कार्यक्रम | ५००००० | ० | |
| विमा गरिएका भैसि सुत्केरी भत्ता व्यावस्थापन | ५००००० | ० | |
| जम्मा | ५०००००० | ५०००००० | ४९२०४३५ |

विशेष अनुदानबाट साधारण प्रकृतिका काममा खर्च गर्न नमिल्ने व्यवस्था भएकोमा पालिकाले अनुगमन मुल्याङ्कन भत्ता, वैठक भत्ता, इन्धन, खाजा खर्च र नगरपालिकाले कृषि कार्यक्रमका लागि छुट्टाएका कार्यक्रममा खर्च गरेको छ ।आर्थिक वर्षको अन्त्यमा विशेष अनुदानमा वाँकी रहेको रु ५१७३८१

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरपालिका चालुबाट कृषि कार्यक्रममा खर्च भएको भनि हिसाव मिलान गरेको छ ।मिति २०७७।३।९ गतेको सभाबाट पारित वजेटमा मागमा आधारित कृषि कार्यक्रम पालिकाको चालु शिर्षकबाट कृषि कार्यक्रम गर्नको लागि छुट्टाएकोमा सोही शिर्षकमा चालुबाट भएको खर्चको हिसाव मिलान गर्नु नियमसंगत देखिदैन | |
| ५९ | | | **वढि दर भुक्तानी**<br>कृषि कार्यक्रममा विरुवा खरिद तथा वितरण कार्य गर्दा पालिकाले निर्धारण गरेको दररेट अनुसार खरिद गर्नुपर्ने यदि पालिकाले दररेट निर्धारण नगरेको अवस्थामा आधिकारिक संस्थाले निर्धारण गरेको दरलाई आधार बनाएर मात्र खरिद गर्नुपर्नेमा नगरपालिका चालु कृषि कार्यक्रम भौ नं १५ बाट कागति (कलमे विरुवा) १०० वटा रु २०० का दरले रु २०००० मा खरिद गरेको छ । पालिकाले आफ्नो दररेट निर्धारण नगरेको अवस्थामा राष्ट्रिय फलफुल विकास केन्द्रको दरलाई आधार मान्दा कागति (कलमे विरुवा) प्रति विरुवा रु ४५ का दरले खरिद गर्नुपर्ने देखिएकोले पालिकाले रु २०० दरमा खरिद गर्नुको आधिकारीता पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | १५,५०० |
| ६० | | | **जिल्ला दररेट भन्दा वढी भुक्तानी**<br>सामानको लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समिति वा पालिकाले तयार गरेको दर प्रयोग गर्नुपर्दछ।पालिकाले कृषि तथा पशु कार्यक्रम संचालन गर्दा जिल्ला दररेट भन्दा वढी मुल्यमा खरिद गरेकोले उक्त दर मा खरिद गर्नुको कानुनी आधार पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ७०,२२५ |

| भौ नं | कार्यक्रम | जिल्ला दररेट | खरिद गरेको रेट | वढी दर | परिमाण | वढी भुक्तानी | ५० प्रतिशत कृषकको लागत घटाएर वढी |
|---|---|---|---|---|---|---|---|
| १६९ | मौरीको खाली घार | ३२०० | ३५०० | ३०० | ७५ | २२५०० | ११२५० |
| | गोला सहितको मौरीको घार | ८२०० | ९५०० | १३०० | ६० | ७८००० | ३९००० |
| २ (चालु) | जै घाँस | ६० | ९९.९५ | ३९.९५ | १००० | ३९९५० | १९९७५ |
| जम्मा | | | | | | १४०४५० | ७०२२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **भौसी सुत्केरी भत्ता**<br>गाईभौसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम संचालन कार्यविधि,२०७३ को अनुदान कार्यान्वयनको लागि प्रस्तावित आर्थिक नर्म्समा सहकारीमा आवद्ध कृषकहरुका विमित पशु(गाई/भौसी)लाई रु २५०० का दरले सुत्केरी भत्ता उपलब्ध गराउन सकिने व्यवस्था छ । पालिकाले मिति २०७८।१।२२ गते को टिप्पणी आदेशमा कार्यविधिको रकम अति नै कम भएको भनि ५००० दिने निर्णय गरी १०० जना कृषकलाई ५००० का दरले रु ५००००० भौसी सुत्केरी भत्ता वितरण गरेको छ ।नेपाल सरकारले अनुदान कार्यक्रम संचालन कार्यविधिमा तोकेको दरमानै भत्ता वितरण गर्नुपर्नेमा वढी दरमा भत्ता वितरण गरेकोले कार्यविधि भन्दा वढी भत्ता वितरण भएको असुल गर्नुपर्ने रु | २५०,००० |
| ६२ | | | **सुरक्षीत नागरिक आवास कार्यक्रमः**<br>सुरक्षीत नागरिक आवास कार्यविधी, २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात दफा ५(४) वमोजिम स्थानिय तहसंग सम्झौता गरी पहिलो किस्तावापत साठी प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहिले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहको छ।पालिकाले यस वर्ष २०४ जना लाभग्राहीलाई प्रथम किस्तावापत रु ३०००० का दरले सुरक्षीत नागरिक आवास अनुदान रकम वापत जम्मा रु.६१२००००।०० उपलव्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्यांकन गरी आवास निर्माण कार्य सम्मन्न गर्नेतर्फ ध्यान दिनुपर्दछ। | |
| ६३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटो बाटो निर्माण, सडक नाला निर्माण, काम लगायतका १९ वटा निर्माणका कार्यक्रम सञ्चालन गरी रु. १३ लाख ४५ हजार खर्च गरेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **धरौटीः-**<br>आन्तरीक राजश्व विभागको २०६९\|०६\|१० को पत्रमा अग्रीम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धी कर सम्वन्धित निर्माण व्यवसायिले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट यकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले धरौटि फिर्ता गर्दा मु.अ.कर समायोजनको पत्र समावेश नगरी धरौटी रकम फिर्ता लिएको पाइयो।मू.अ.कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु | १,४७२,८३५ |

| भौ न | विवरण | रकम |
|---|---|---|
| २ | क्रिष्टल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २५९५३८ |
| ४ | क्रिष्टल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २६५०२१ |
| ३३ | गोरखनाथ इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा लि | २२०००० |
| ३५ | गोविन्द निर्माण सेवा | २२०००० |
| ४१ | एस आर निर्माण सेवा एण्ड सप्लायर्स प्रा लि | २००००० |
| ५१ | क्रिष्टल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ३०८२७६ |
| जम्मा | | १४७२८३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **आन्तरिक लेखापरीक्षण**<br>आन्तरिक लेखापरीक्षणका व्यहोरा देहायवमोजिम छन् | २७९,०५८ |

| भौ नं | विवरण | रकम |
|---|---|---|
| | भानु नगरपालिका पुँजिगत तर्फ प्राविधक मुल्याङकनमा घटि भएको रकम नघटाई भुक्तानी भएको कार्य देहायवमोजिम | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | छन् | | |
| | | | १०९।०७८।१।८ | अमेलीपानी बालुवा घाट मार्ग स्तरोन्नती उ सको असुल रु | २७७५ | |
| | | | १४४।०७८।१।२२ | तमु समाज भवन निर्माण उ स को असुल रु | १०७२ | |
| | | | १४५।०७८।१।२४ | चितीखोला भट्टफांट कुलो उ स असुल रु | १०१६ | |
| | | | २१३।०७८।३।१० | सिद्ध स्थान मन्दिर पार्क निर्माण र कम्पाउण्ड उ सको असुल रु | ९९०० | |
| | | | २६९।०७८।३।२२ | ठुलो ढुङ्गा बासपानी फलक भञ्ज्याङ मोटर मार्ग असुल रु | ३७०४ | |
| | | | २९१।०७८।३।२३ | काउरेटार देउराली मोटरमार्ग उ सको असुल रु | १७५४ | |
| | | | | चालु | | |
| | | | १९४।०७७।११।२९ | बाटो सरसफाई वापतको रकम भुक्तानीमा प्राविधिक मुल्याङकन भन्दा वढी जोन निर्माण सेवा प्रा लि भुक्तानी असुल रु | १३७२ | |
| | | | | शसर्त पुँजिगत तर्फ प्राविधिक विल भन्दा वढी भुक्तानी | | |
| | | | १६।०७८।३।३० | वडा नं २ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणको अल इन वान कन्स्ट्रक्सन प्रा लि लाई भुक्तानी असुल रु | ५२००९ | |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | १७।०७८।३।३० | वडा नं ९ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणको माता वाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि लाई भुक्तानी असुल रु | ५४००० | |
| | | | १८।०७८।३।३० | वडा नं १३ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणको माता वाराही इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा लि लाई भुक्तानी असुल रु | ५२००० | |
| | | | १९।०७८।३।३० | वडा नं ४ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणको अल इन वान कन्स्ट्रक्सन प्रा लि लाई भुक्तानी असुल रु | ४७४५६ | |
| | | | २०।०७८।३।३० | वडा नं ६ सामुदायिक स्वास्थ्य इकाई भवन निर्माणको विष्णु निर्माण सेवा लाई भुक्तानी असुल रु | ५२००० | |
| | | | | जम्मा | २७९०५८ | |
| ६६ | | | सम्परीक्षण | | | |

सम्परीक्षण

**अनुगमन तथा सम्परीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छः

(रु. हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) | यो वर्षको बेरुजु | संपरीक्षणबाट कायम बेरुजु | अध्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|
| २००१३ | १४१०४ | ५९०९ | ४४९१२ | ० | ५०८२१ |

यस वर्ष फछ्र्यौट भएको वेरुजूको स्थिति निम्नानुसार रहेको छ ।

| आ व | वेरुजू दफा नं. | वेरुजूको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | सम्परीक्षण |
|---|---|---|---|---|---|
| | | | असुली | प्रमाण | |
| २०७५।७६ | ४३।५ | सरस्वती सदन मा वि, राष्ट्रिय माध्यमिक वि,जलदेवि आ विर चन्द्रावति मा विको कार्यसम्पन्न प्रतिवेदन पेश | ० | ४६२४२६४ | ४६२४२६४ |
| | | | | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २०७५। ७६ | ४३।६ | अनुगमन प्रतिवेदन पेश | ० | ७०५४७९६ | ७०५४७९६ |
| २०७५। ७6 | ४३।७ | ईमिसप्रतिवेदन पेश | ० | ८२४४२ | ८२४४२ |
| २०७५। ७६ | ४३।८ | वढी निकासाअसुल | १५४८५२ | ० | १५४८५२ |
| २०७५। ७६ | ४७।१ | पारिश्रमिककर दाखिला | २४२९४ | ० | २४२९४ |
| २०७६। ७७ | ३९ | इमिसप्रतिवेदन पेश | ० | ४१०५०७ | ४१०५०७ |
| २०७६। ७७ | ४० | अनुदान वढीनिकासा | ० | ९७५०० | ९७५०० |
| २०७६। ७७ | ४०।१ | सामाजिकआर्थिक लेखा परीक्षण | ० | ६७०००० | ६७०००० |
| २०७६। ७७ | ४०।२ | विद्यालयसुधार योजना पेश | ० | ९५५००० | ९५५००० |
| २०७६। ७७ | ४१ | चाडपर्वदोहोरा भुक्तानी असुल | ३१०२० | ० | ३१०२० |
| | | जम्मा | २१०१६६ | १३८९४५०९ | १४१०४६७५ |